मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ | अंक १७४ | २०८३ साल वैशाख ३० गते बुधबार | Wednesday 13, May 2026 | सूर्योदय: बिहान ०५:१९ बजे | सूर्यास्त: साँझ ०६:४४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## राप्रपाद्वारा सरिता कुमारी ठाकुरको नाम सिफारिस

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय प्रजातन्त्र पार्टीले मधेश प्रदेशमा रिक्त रहेको प्रदेशसभा सदस्य पदका लागि महोत्तरीकी सरिता कुमारी ठाकुरलाई सिफारिस गरेको छ।
यसअघि समानुपातिकतर्फबाट प्रदेशसभा सदस्य रहेकी कञ्चन बिच्छालाई पार्टी अनुशासन उल्लङ्घन गरेको आरोपमा राष्ट्रिय प्रजातन्त्र पार्टीले कारबाही गर्दै पदबाट फिर्ता बोलाएको थियो। त्यसपछि उनी अदालत पुगेकी थिइन् । तर अदालतले उनको रिट खारेज गरेपछि उनी प्रदेशसभा सदस्य पदबाट पदमुक्त भएकी थिइन्।
कञ्चन बिच्छा पदमुक्त भएपछि रिक्त स्थानमा नयाँ सदस्य सिफारिस गर्न निर्वाचन आयोगबाट पत्र प्राप्त भएको र सोही क्लस्टरअन्तर्गत समानुपातिक सूचीको दोस्रो नम्बरमा रहेकी सरिता कुमारी ठाकुरको नाम पठाइएको पार्टीका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए।

# कुपोषण अन्त्य गर्न नागरिकको बानीव्यवहार परिवर्तन आवश्यकः मुख्यमन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम।**
कृष्णप्रसाद यादवले मधेश प्रदेशमा बढ्दो कुपोषण समस्या समाधान गर्न नागरिकको बानीव्यवहार परिवर्तन अपरिहार्य रहेको बताएका छन्।
लालगढ सुरु भएको तीनदिने 'मधेश प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन–२०८३' को उद्घाटन गर्दै मुख्यमन्त्री यादवले मधेशका घरघरको भान्साघर व्यवस्थित गर्न सके कुपोषणको अवस्थामा उल्लेखनीय सुधार ल्याउन सकिने धारणा राखे।
उनले खाद्य उत्पादनका हिसाबले मधेश अन्य प्रदेशभन्दा अगाडि रहे पनि उत्पादन भएका खाद्य सामग्रीको सही उपयोग हुन नसक्दा कुपोषण गम्भीर समस्याका रूपमा देखिएको बताए । स्थानीय स्तरमै पाइने पोषणयुक्त खाद्यवस्तुको पहिचान र प्रयोगलाई प्राथमिकतामा राख्नुपर्ने उनको जोड थियो।
कार्यक्रममा जङ्गीलाल रायले सम्मेलनले मधेशमा देखिएका पुड्कोपन, ख्याउटेपन र रक्तअल्पता जस्ता समस्याको समाधानका लागि ठोस निष्कर्ष निकाल्ने विश्वास व्यक्त गरे। उनले पोषणसम्बन्धी कार्यक्रमको प्रभावकारी अनुगमनका लागि स्पष्ट कार्यतालिका बनाउनुपर्ने आवश्यकता औँल्याए।
मधेश प्रदेश सरकारका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवले सम्मेलनमा पोषण नीतिका विषयमा विज्ञहरूबीच गहन छलफल गरी रणनीतिक निष्कर्ष निकालिने जानकारी दिए।
तीनदिने सम्मेलनमा प्रदेशका पोषणसम्बद्ध सरकारी कार्यालयका प्रमुख, प्रादेशिक अस्पतालका प्रमुख, पोषणविद्, आठै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख तथा पोषण अधिकृतहरूको सहभागिता रहेको छ।
सम्मेलनबाट प्राप्त सुझावका आधारमा प्रदेशको आगामी पोषण रणनीति तय गरिने स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# श्रममन्त्रीको सचिवालयका मुस्तकिम अपहरण मुद्दामा पक्राउ

**मधेशदृष्टि**
**राजविराज।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले हलुका सवारी चालक पदमा नियुक्ति दिएर सचिवालयमा राखेका चालक मुस्तकिम आलम अपहरण, शरीर बन्धक तथा अमानवीय व्यवहारको कसुरमा पक्राउ परेका छन्।
सप्तरीको महादेवा गाउँपालिका–१ घर भई हाल राजविराज नगरपालिका–३ मा बस्दै आएका आलमलाई सोमबार राजविराजबाट पक्राउ गरिएको सप्तरी प्रहरीले बताएको छ । आलम मन्त्री यादवको सचिवालयमा रही हलुका सवारी चालकको रूपमा कार्यरत छन्।



पीडितको जाहेरीअनुसार मुस्तकिम मियाँसहितका व्यक्तिहरूले उनलाई जबर्जस्ती अपहरण गरी एकान्त स्थानमा लगेका थिए । त्यसपछि शरीर बन्धक बनाएर निर्घात कुटपिट गर्नुका साथै नग्न बनाएर भिडियोसमेत खिचिएको आरोप छ।
जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी डम्बरबहादुर पुरीले घटनालाई गम्भीर रूपमा लिएर अनुसन्धान सुरू गरिएको बताए।
प्रहरीका अनुसार घटनामा संलग्न अन्य व्यक्ति फरार छन् र उनीहरूको खोजी तीव्र पारिएको छ । आलमलाई सप्तरी जिल्ला अदालतबाट हिरासतमा राखेर अनुसन्धान गर्न ७ दिनको म्याद थप भइसकेको छ।

# अब १५औँ महाधिवेशनको तयारीमा जुट्नुपर्छः निधि



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले आफूहरू अहिले १५औँ महाधिवेशनको तयारीमा केन्द्रित भइसकेको बताएका छन् । मंगलबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले विशेष महाधिवेशनलाई आफूहरूले नमान्ने स्पष्ट पार्दै अब पार्टीभित्र साझा एकताका लागि १४औँ महाधिवेशन पक्षधर र विशेष महाधिवेशन पक्षधर दुवै पक्षलाई समेटेर संयुक्त कार्यसमिति गठन गर्नुपर्ने बताएका हुन्।
उनले संयुक्त कार्यसमितिको आयोजनामार्फत १५औँ महाधिवेशनको तयारी, कार्यतालिका निर्माण तथा त्यससँग सम्बन्धित आवश्यक निर्णयहरू अघि बढाउनुपर्ने बताए । साथै पार्टी कार्यालय सञ्चालनका लागि छुट्टै भवन खोज्ने कामसमेत भइरहेको जानकारी दिए।
निधिले विशेष महाधिवेशनमा देशभरका प्रतिनिधिमध्ये ५५–५६ प्रतिशत सहभागी नभएको दाबी गर्दै करिब ४६ प्रतिशत महाधिवेशन प्रतिनिधि अझै बाहिर रहेको बताए । ती प्रतिनिधिलाई समेट्ने विषयमा हालसम्म कुनै प्रभावकारी पहल नभएको उनको भनाइ थियो।
उनले पार्टीभित्र केही नेताहरूबीच शिष्टाचार भेट भए पनि त्यसले समाधान नदिएको टिप्पणी गरे। 'पूर्णबहादुर खड्का र शेखर कोइरालासँग गगन थापा र विश्वप्रकाश शर्माको शिष्टाचार भेट मात्रै भएको हो । उहाँहरूले प्रस्ताव लिएर आउँछौं भन्नुभएको छ, तर अहिलेसम्म आउनुभएको छैन। हामी अब धेरै दिन पर्खिन सक्दैनौँ,' निधिले भने।
क्रियाशील सदस्यता नवीकरणबारे बोल्दै उनले १५औँ महाधिवेशनका लागि आवश्यक सदस्यता नवीकरणको प्रक्रिया यसअघि नै सम्पन्न भइसकेकाले पुनः दोहो¥याएर गर्नुपर्ने आवश्यकता नरहेको बताए। 'हामीले १५औँ महाधिवेशनका लागि नवीकरणको कार्यतालिका तथा त्यसको व्यवस्थापनको जिम्मा महामन्त्रीको हैसियतले गगन थापाजीलाई दिएका थियौँ। उहाँ व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्थ्यो,' उनले भने, 'एउटै १५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यहरूको नवीकरण भइसकेकाले त्यसलाई फेरि दोहो¥याएर गर्नुपर्ने कुनै आवश्यकता छैन।'
यद्यपि उनले सदस्यता नवीकरण प्रक्रियामा सहभागी हुन सबै कार्यकर्तालाई आग्रह गरे। साथै निजी स्वार्थका आधारमा सदस्यता नवीकरण भइरहेको आरोपसमेत लगाए।
पूर्व उपसभापति समेत रहेका निधिले अहिले सातै प्रदेशमा पार्टीका नेता तथा कार्यकर्तासँग छलफल र भेटघाट अभियान सुरु गरिएको जानकारी दिए। उनका अनुसार मधेश प्रदेश मा आनन्द ढुंगानालाई जिम्मेवारी दिइएको छ भने मंगलबार कोशी प्रदेशमा भेटघाट गरिएको छ भने बुधबार बागमती प्रदेशमा भेला आयोजना गरिएको छ । अन्य प्रदेशमा पनि सरसल्लाह तथा भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने उनले बताए।

# सडक विवादमा स्थानीयलाई रूखमा बाँधिएको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश अन्तर्गत सिरहाको औरही नगरपालिका–३ मा सडक खाली गराउने क्रममा एक स्थानीयलाई रूखमा बाँधिएको घटनाले विवाद उत्पन्न भएको छ । स्थानीय वीरेन्द्र साहलाई रूखमा बाँधेर अमानवीय व्यवहार गरिएको आरोप जीवछ यादवमाथि लागेको हो। घटना औरही नगरपालिका–३ को पिपरा टोलमा भएको बताइएको छ। यस क्षेत्रमा एक वर्षअघि कृषि सडक निर्माण गरिएको थियो । स्थानीयका अनुसार सडक निर्माणका क्रममा वीरेन्द्र साहको जग्गा एकतर्फी रूपमा प्रयोग गरिएको थियो। तर सडक प्रयोगमा आउन सकेको थिएन । सोमबार वडाध्यक्षसहितको टोली डोजर लिएर सडक खाली गराउन पुगेपछि विवाद चर्किएको हो।
वीरेन्द्र साहले आफ्नो मात्रै जग्गा कब्जा गरेर सडक निर्माण गरिएको भन्दै विरोध जनाएका थिए। उनले विरोध गरेपछि आफूलाई कुटपिट गर्दै रूखमा बाँधिएको आरोप लगाए । 'म विकासको विरोधमा होइन, तर विकासका नाममा ममाथि अन्याय गरिएको हो। मैले समाधान खोजेको थिएँ,' उनले भने, 'तर आवाज उठाउँदा मलाई रूखमा बाँधियो।'
घटनासम्बन्धी भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको छ। भिडियोमा वडाध्यक्ष जीवछ यादवसहित केही व्यक्तिहरू देखिन्छन्। भिडियोमा वडाध्यक्षले वीरेन्द्र साहलाई हप्काइरहेको दृश्य पनि देखिएको छ।
यता वडाध्यक्ष यादवले भने स्थानीयले सडक अतिक्रमण गरेकाले खाली गराउन जाँदा अवरोध भएपछि अन्य व्यक्तिले उनको हात बाँधेको दाबी गरेका छन् । 'गत वर्ष नै कृषि सडक निर्माण गरिएको थियो, तर पछि अतिक्रमण गरियो,' उनले भने, 'सडक खाली गराउन जाँदा अवरोध भएपछि स्थानीयले बाँधेका हुन् ।' भिडियोमा आफू देखिएको विषयमा उनले आरोप अस्वीकार गरेका छन्।
स्थानीय सन्तोष यादवले घटनालाई अमानवीय र क्रूर व्यवहारको संज्ञा दिँदै वडाध्यक्षमाथि कानुनी कारबाहीको माग गरेका छन् । 'निजी जग्गाको विवाद समाधान गर्नुपर्ने ठाउँमा मान्छेलाई रूखमा बाँध्ने काम भएको छ, यो निन्दनीय घटना हो,' उनले भने।
घटनाको भिडियो सार्वजनिक भएपछि प्रहरीले समेत चासो देखाएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता रमेशबहादुर पाल ले घटना जानकारीमा आएको र विस्तृत अनुसन्धान भइरहेको बताएका छन्।

# सीमावर्ती क्षेत्रमा छोटी भन्सार राख्न माग

**मधेशदृष्टि**
**वीरगंज।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सचिव शैलेन्द्रप्रसाद साहले मधेश प्रदेशका भारतीय सीमावर्ती क्षेत्रमा छोटी भन्सार सञ्चालन गर्न सरकारसँग माग गरेका छन् । उनले मधेश प्रदेशका आठवटै जिल्ला भारतसँग खुला सीमाबाट जोडिएको उल्लेख गर्दै सीमावर्ती क्षेत्रमा बसोवास गर्ने नागरिकहरूको दैनिक जीवनयापनका लागि सीमापार आवतजावत सामान्य र अपरिहार्य विषय भएको बताए।
रोजगारी, उपचार, शिक्षा तथा दैनिक उपभोग्य वस्तुको किनमेलका लागि नागरिकहरू नियमित रूपमा सीमापार जाने गरेको उनको भनाइ छ । मधेश प्रदेशका पूर्वअर्थमन्त्रीसमेत रहेका साहले यस्तो अवस्थामा प्रत्येक प्रमुख नाकामा छोटी भन्सार सञ्चालन गर्नु समयको आवश्यकता भएको बताए। उनका अनुसार यसले स्थानीय नागरिकलाई सहजता प्रदान गर्नुका साथै सरकारलाई राजस्व सङ्कलनमा समेत सहयोग पु¥याउने छ।
उनले मङ्गलबार धारणा सार्वजनिक गर्दै व्यवस्थित भन्सार प्रणालीमार्फत अवैध कारोबार नियन्त्रण, पारदर्शिता कायम तथा स्थानीय व्यापार प्रवर्धनमा सकारात्मक प्रभाव पर्ने उल्लेख गरेका छन् । साहले सीमावर्ती क्षेत्रका नागरिकको आवश्यकता र स्थानीय आर्थिक गतिविधिलाई मध्यनजर गर्दै सरकारले तत्काल आवश्यक पहल गर्नुपर्ने मागसमेत गरे।

# पर्साका ४० प्रतिशत मात्रै एसईई उत्तीर्ण

**मधेशदृष्टि**
**वीरगंज।**
यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई ) मा पर्सा जिल्लाबाट ४० प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका छन् । राष्टिय परीक्षा बोर्डले यस वर्षको एसईईको नतिजा सोमबार बेलुकी प्रकाशन गरेको थियो । जसमा देशभरबाट ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकोमा पर्सा जिल्लाबाट भने ४०.४७ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका हुन्।
यस वर्षको एसईईमा पर्सा जिल्लाबाट नियमिततर्फ सामुदायिक र संस्थागत विद्यालयका गरी कूल ८ हजार ४ सय १२ विद्यार्थी सहभागी भएकामा तीमध्ये ३ हजार ४ सय ५ जनामात्रै उत्तीर्ण भएको शिक्षा विकास तथा समन्वय इकाई पर्साले जनाएको छ।
५९.५३ प्रतिशत विद्यार्थी भने अनुत्तीर्ण भएका छन्। परीक्षा बोर्डले प्रकाशन गरेको एसईईको नजिता अनुसार, पर्सामा एक प्लस ग्रेड ल्याउने ४ सय ५९ जना, ए ग्रेड ल्याउने ९ सय १२ जना, बी प्लस ग्रेड ल्याउने ३ सय २४ जना, बी ग्रेड ल्याउने ९ सय ५५ जना, सी प्लस ग्रेड ल्याउने ७ सय १७ जना र सी ग्रेड ल्याउने ३८ जना छन्।

# एक हप्ताभित्र फाइल शून्य बनाउन निर्देशन



**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले वडाबाट केन्द्रमा आएका सबै फाइल अबको एक हप्ता अर्थात् सोमबारभित्र शून्य बनाउन निर्देशन दिएकी छन् ।

महानगरका क्रियाकलापको पाक्षिक समीक्षा कार्यक्रममा आज उनले विभागीय प्रमुखहरूलाई प्रक्रिया मिलेको भए स्वीकृत गर्न र नमिलेको भए कारण खुलाएर फिर्ता पठाएर शून्य फाइल बनाउने नीति कार्यान्वयन गर्न निर्देशन दिएकी हुन् ।

कार्यवाहक प्रमुख डङ्गोलले बजेट कार्यान्वयन गर्दा गुणस्तरीयता कायम हुन नसक्ने अवस्था भए, त्यस्ता कार्यक्रम कार्यान्वयन नगर्न वडा सचिवहरूलाई समेत निर्देशन दिइन् । "बेरुजु शून्य बनाउन महत्त्वपूर्ण लगाव चाहिएको छ । राजस्व सङ्कलनलाई प्रभावकारी बनाउनुपर्नेछ । सार्वजनिक जग्गा अतिक्रमण हटाएर भएका सम्पत्तिको अभिलेखन प्रभावकारी बनाउनुपर्नेछ । पूर्वाधारका कामलाई गुणस्तर बनाउनुपर्नेछ । रातको समयमा सडकबत्ती निभ्न नदिने व्यवस्था मिलाउनु पर्नेछ । भू–प्रशासनलाई चुस्त बनाउनुपर्नेछ । वडामै महानगरको मुहार देखिने भएकाले यसतर्फ सबै संवेदनशील बनौँ", उनले भनिन् ।

वित्त विभागका प्रमुख डा शिवराज अधिकारीले हालसम्म महानगरको खर्च प्रतिशत ४० दशमलव ९४ र वडाहरूको ३९ दशमलव तीन प्रतिशत रहेको जानकारी दिए । सबैभन्दा धेरै खर्च गर्ने वडाले ५७ दशमलव १७ प्रतिशत प्रगति गरेको, त्यसपछि ५६ दशमलव ४७ र ५० दशमलव ६२ प्रतिशत खर्च भएको उनले बताए ।

यसैगरी सबैभन्दा कम खर्च गर्ने वडाको खर्च १३ दशमलव २१ प्रतिशत रहेको छ भने त्यसभन्दा बढी खर्च गर्नेमा दोस्रोको १६ दशमलव ८१ र तेस्रोको खर्च प्रतिशत १७ दशमलव ६८ प्रतिशत छ ।

महानगरले वडालाई ठूला, मझौला र साना गरी तीन प्रकृतिमा विभाजन गरेर बजेट विनियोजन गर्ने गरेको छ । वडा नं १, ३, ४, ६, ७, ९, १०, ११, १३, १४, १५, १६, २६, ३१ र ३२ गरी १५ वडा ठूला, २, ५, ८, १२, १७, २२, २४, २५, २८, २९ र ३० गरी ११ वडा मझौला र बाँकी १८, १९, २०, २१, २३ र २७ लाई साना वडामा राखिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रबाहेक अन्य वडास्तरीय क्षेत्रगत विकासका लागि ठूला वडालाई रु १० करोड, मझौलालाई रु सात करोड ५० लाख र साना वडालाई रु पाँच करोड बजेट विनियोजन गरिएको छ । रासस

# सीमित स्रोतसाधनमा काम गर्न बाध्यः मधेशी आयोग



मधेशदृष्टि
काठमाडौँ ।
मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेश प्रदेशका समस्या समाधान गर्न आयोगसँग पर्याप्त बजेट र स्रोतसाधन अभाव रहेको बताएका छन् ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिको मंगलबारको बैठकमा मधेशी आयोगको कामकारबाही सम्बन्धमा आयोगका पदाधिकारीहरुसँग छलफल गर्ने क्रममा उनले समितिमा मधेशी आयोगले भोग्नु परेको चुनौती र अवस्थाबारे जानकारी दिएका थिए ।

उनका अनुसार सरकारलाई हालसम्म ३०० भन्दा बढी मधेशका समस्या सिफारिस गरिएको बताए । यसमा कतिपय मधेशका महत्त्वपूर्ण विषय हालै सम्पन्न सरकारको नीति तथा कार्यक्रममा समेटिएको पनि बताए । अध्यक्ष साहले भने, "मधेशमा विद्यमान समस्या थुप्रै छन्, समाधानका लागि स्रोत अभाव छ ।"

मधेशमा विद्यमान दाइजो प्रथा, कुरीति, गरिबी, अशिक्षा, प्राकृतिक प्रकोप, बेरोजगारीलगायत समस्या छन् । यी सबैको समाधान गर्न राज्यको सहकार्य आवश्यक हुने उनको भनाइ छ । आयोगले हाल ७७ जिल्लामा २० लाख रुपैयाँ बजेटमा कार्यक्रम गर्नु परेको अध्यक्ष साहले जानकारी दिए ।

अध्ययन र अनुसन्धानका लागि मात्रै पाँच लाख रुपैयाँ बजेट अपर्याप्त रहेको उनले बताए । समितिका सभापति आकृति अवस्थीले मधेशका समस्या राज्यले सम्बोधन गर्नुपर्ने धारणा राख्दै यसका लागि आयोगले सहयोगी भूमिका निर्वाह गर्न सुझाव दिए ।

बैठकमा सहभागी सांसदहरुले मधेशी आयोगको काम, कतव्र्य प्रभावकारी बनाउन आग्रह गरेका थिए । सांसद पार्वती विकले मधेशमा जरो गाडेको दाइजो प्रथा अन्त्यका लागि आयोगले सचेतनामूलक कार्यक्रम व्यापक रुपमा सञ्चालन गर्न आग्रह गरिन् ।

सांसद रीना उप्रेती (केसी) ले सप्तरी र सिराहमा घरेलु हिंसा धेरै भएको जानकारी दिँदै यो विषयमा आयोगले अनुगमन समाधानतर्फ जोड दिनुपर्ने बताए । सांसद दीपककुमार साहले मधेशमा बेरोजगारी अर्को ठूलो समस्या भएको औँल्याउँदै आयोगले यस क्षेत्रमा केकस्ता कार्ययोजना बनाएको छ भनी प्रश्न गरिन् ।

साथै, सांसद डा. ललिता कुमारीले शिक्षा र स्वास्थ्यको अभावमा मधेशले धेरै समस्याको सामना गर्नु परेको उदाहरण दिँदै आयोगले सरकारलाई यी दुई विषयमा राज्यको ध्यानाकर्षण गराउनतर्फ जोड दिन आग्रह गरिन् । रासस

# वीरगंजमा रगतको चरम अभाव, रक्तदान गर्न अपिल




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा बढ्दो गर्मीसँगै रक्त सञ्चार केन्द्रमा विभिन्न रक्त समूहको अभाव चुलिएको छ । केन्द्रका प्रमुख सरोजराज पाण्डेका अनुसार हाल 'ओ पोजेटिभ' (इ+खभ) बाहेक अन्य रक्त समूहको पर्याप्त मौज्दात नरहेको अवस्था छ।

वीरगंजका अस्पतालहरूमा उपचार गराइरहेका बिरामीको संख्या बढ्दै जाँदा रगतको माग अत्यधिक बढेको उनले बताए। दुर्घटना, शल्यक्रिया, प्रसूति तथा दीर्घरोगबाट पीडित बिरामीका लागि दैनिक ठूलो परिमाणमा रगत आवश्यक पर्ने भए पनि पछिल्ला दिनमा रक्तदान कार्यक्रम घट्दा समस्या गम्भीर बन्दै गएको केन्द्रले जनाएको छ।

गर्मी मौसमका कारण विभिन्न संघसंस्था, क्लब तथा सामाजिक समूहले नियमित सञ्चालन गर्दै आएका रक्तदान कार्यक्रम कम भएपछि रगत संकलन प्रभावित भएको प्रमुख पाण्डेको भनाइ छ । 'अस्पतालबाट दैनिक रूपमा रगतको माग आइरहेको छ, तर आवश्यक मात्रामा उपलब्ध गराउन कठिन भइरहेको छ,' उनले बताए।

रक्त सञ्चार केन्द्रले सामाजिक संस्था, युवा क्लब, शैक्षिक संस्था तथा सर्वसाधारणलाई स्वेच्छिक रक्तदानमा सहभागी हुन र रक्तदान कार्यक्रम आयोजना गर्न आग्रह गरेको छ। स्वस्थ व्यक्तिले गरेको एक युनिट रक्तदानले कसैको ज्यान बचाउन सक्ने भन्दै केन्द्रले सबैलाई मानवीय सेवामा जोडिन अपिल गरेको छ।

रक्त अभावकै कारण आकस्मिक उपचार तथा शल्यक्रियासमेत प्रभावित हुन सक्ने चेतावनी दिँदै केन्द्रले समयमै रक्तदान गरी सहयोग गर्न सबैमा अनुरोध गरेको छ।

# विद्यार्थी र शिक्षकका लागि निःशुल्क आँखा शिविर




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल नेत्रज्योति संघको आयोजनामा श्री दीपनारायण आदर्श नमूना माध्यमिक विद्यालयमा निःशुल्क आँखा परीक्षण, चश्मा तथा औषधि वितरण कार्यक्रम सम्पन्न भएको छ । विद्यार्थी र शिक्षकहरूको आँखासम्बन्धी स्वास्थ्य अवस्थाको परीक्षण गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त शिविरबाट सयौं लाभान्वित भएका छन् ।

कार्यक्रममा नेपाल नेत्रज्योति संघ पर्साका सभापति भगवती चौधरीले सभापतित्व गरेका थिए भने संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेल प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । पोखरेलले विद्यार्थीहरूलाई चश्मा तथा उपचारसम्बन्धी पर्चा वितरण गर्दै शिविरको उद्घाटन गरेका थिए ।

आयोजकका अनुसार शिविरमा विद्यालयका विद्यार्थी तथा शिक्षक गरी करिब ५१५ जनाको आँखा परीक्षण गरिएको थियो । परीक्षणका क्रममा आवश्यकता अनुसार निःशुल्क औषधि र चश्मासमेत वितरण गरिएको जनाइएको छ ।

कार्यक्रम सम्पन्न भएपछि विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूले नेपाल नेत्रज्योति संघप्रति आभार व्यक्त गरेका थिए । विद्यालय व्यवस्थापन समितिका सदस्य राजन श्रीवास्तव ले यस्ता स्वास्थ्य शिविरले विद्यार्थीमा स्वास्थ्य चेतना बढाउनुका साथै आवश्यक उपचारमा सहज पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पु¥याउने बताए ।

नेपाल नेत्रज्योति संघले आगामी दिनमा पनि समुदायस्तरमा यस्ता निःशुल्क स्वास्थ्य शिविरलाई निरन्तरता दिने जनाएको छ ।

# प्रतिनिधिसभाका सचिव राई पदबाट हटाइए



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले सभामुख डोलप्रसाद अर्यालको सिफारिसमा प्रतिनिधिसभाका सचिव हर्कराज राईलाई पदबाट हटाएका छन्।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले आज एक विज्ञप्ति जारी गरी राईलाई सचिवको पदबाट हटाइएको बताएका हुन्।

राष्ट्रपतिले यही वैशाख २८ मा सभामुखले गरेको सिफारिसअनुसार सङ्घीय संसद्का महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०७५ को दफा ६ को खण्ड (ङ) बमोजिम उनलाई पदबाट हटाएको विज्ञप्तिमा उल्लेख छ। रासस

# स्वास्थ्यमन्त्री मेहता र भारतीय राजदूत श्रीवास्तवबीच शिष्टाचार भेटवार्ता



**काठमाडौं।**
स्वास्थ्य, जनसंख्या तथा खानेपानीमन्त्री निशा मेहतासँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गरेका छन्।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटवार्तामा उनीहरूबीच नेपाल र भारतबीच सदियौँदेखि रहिआएको ऐतिहासिक तथा प्रगाढ सम्बन्धका साथै स्वास्थ्य क्षेत्रमा जारी द्विपक्षीय सहकार्यका विविध आयाममाथि विचार–विमर्श भएको स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिए।

भेटमा मन्त्री मेहताले नेपालको स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रको विकासमा भारत सरकारबाट प्राप्त निरन्तर सहयोग तथा सद्भावका लागि धन्यवाद व्यक्त गरे।

त्यस क्रममा नेपालका राष्ट्रियस्तरका प्रमुख स्वास्थ्य विज्ञान प्रतिष्ठानको सुदृढीकरण, विशिष्टीकृत उपचार केन्द्रको स्थापना तथा समग्र स्वास्थ्य पूर्वाधार विकासमा आगामी दिनमा भारतीय सहयोग र सहकार्यलाई थप मजबुत बनाउने विषयमा छलफल भएको थियो।

## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको प्रमुख शाखा ,बिरगंज,पर्साबाट उपभोग गरेको विभिन्न कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणीहरु तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

### तपसिल

| ऋणीको नाम र ठेगाना |
| --- |
| १) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०४४ साल श्रावण महिना १२ गते रोज २ मा श्री ५ को सरकार (घरेलु तथा साना उधोग कार्यलय) ,जिल्ला कार्यलय पर्सा ,बीरगंजमा दर्ता भै नं. प्रा.फ.नं. ९५/०४४/४५, तथा नेपाल सरकार ,अर्थ मन्त्रालय ,आन्तरिक राजस्व विभाग,विरगज,पर्सा मा दर्ता भै स्थायी लेखा नं.६०३२६५४११ अन्तर्गत दर्ता कायम भएको बीरगंज ,पर्सा कार्यालय रहेको श्री सुनिता कन्सट्रक्सन कं.( कम्पनी) ( प्रोप्राइटरः **बृज भार राउत कुर्मी**) । |
| **कर्जाको सुरक्षण विवरण** |
| १) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ४० को **बृज भार राउत कुर्मी** को नाममा दर्ता कायम रहेको **जिल्ला पर्सा गा. वि स. मजडिहा पिपरा वडा नं ४ , ८ र ४ स्थित किता नं. ४८२ ,११६६ , ६४२ र ६४३ को जम्मा क्षेत्रफल त्रमश ०-१-०-०,०-०-५ ,०-०-५-८ र ०-०-५-८ को घरजग्गा ।** |
| २) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ३९ को **बृज भार राउत कुर्मी** को नाममा दर्ता कायम रहेको **जिल्ला बारा गा. वि स. फतेपुर वडा नं ९ स्थित किता नं. ७०७ को जम्मा क्षेत्रफल ०-६-० को घरजग्गा ।** |
| ३) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०४४ साल श्रावण महिना १२ गते रोज २ मा श्री ५ को सरकार ,जिल्ला कार्यलय पर्सा ,बीरगंजमा दर्ता भै नं. प्रा.फ.नं. ९५/०४४/४५,अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज, पर्सा कार्यालय रहेको श्री सुनिता कन्सट्रक्सन कंम्पनीको को नाममा दर्ता कायम रहेको JCB NXT 140 Excavator गाडी नं. प्रदेश २-०३-००१ क १७३७ **को च्यासिस नं. २९४५१०९ इन्जिन नं.८४९४२२५७ ।** |
| **प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| १) राजेन्द्र राउत कुर्मीको छोरी ,विसनाथ राउत कुर्मीको बुहारी ,बृज भार राउत कुर्मीको पत्नी, जिल्ला पर्सा, श्रीसिया ख.टो वडा नं. ८ (हालः जिल्ला पर्सा, बस्डील्वा वडा नं.४) बस्ने(ना.प्र.नं. ३४३०७५/१७३, जारी मिति २०६३/११/२६, जि.प्र.का पर्सा) **बर्ष ३५ की मालती कुमारी ।** |
| २) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ४१ को **बृज भार राउत कुर्मी ।** |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज, बदननगर (बिरगंज), बरहथवा(सर्लाही) , बर्दिबास (महोतरी) ।

## मधेशमा कुपोषण एक गम्भीर चुनौतीः

# पोषण नीति शिखर सम्मेलन २०८३ सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा बढ्दो कुपोषण समस्याको दीर्घकालीन समाधान खोज्ने उद्देश्यले 'मधेश प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन–२०८३' मंगलबारदेखि सुरु भएको छ । मधेश प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालय धनुषा, सपहीद्वारा आयोजित तीनदिने सम्मेलन धनुषाको लालगढस्थित होटेल गौतममा वैशाख २९ देखि ३१ गतेसम्म सञ्चालन हुने भएको छ।



स्वास्थ्य निर्देशनालय धनुषा, सपहीका निर्देशक सरोजचन्द्र न्यौपानेको अध्यक्षता तथा मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवको प्रमुख आतिथ्यमा सुरु भएको कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री जंगीलाल राय विशिष्ट अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रममा पूर्व निर्देशक डा. विजय कुमार झासहित स्वास्थ्य क्षेत्रका विज्ञ, पोषणविद्, सरकारी अधिकारी, प्रादेशिक अस्पताल प्रमुख तथा आठवटै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुखहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रम उद्घाटन गर्दै मुख्यमन्त्री कृष्ण प्रसाद यादवले मधेश प्रदेशमा पर्याप्त खाद्यान्न उत्पादन हुँदाहुँदै पनि पोषणयुक्त खानाको सही प्रयोग, सन्तुलित आहारसम्बन्धी चेतनाको अभाव तथा बदलिँदो खानपान संस्कारका कारण कुपोषणको समस्या गम्भीर बनेको बताए। उनले प्रत्येक घरको भान्साघर व्यवस्थित बनाउन सके कुपोषण न्यूनीकरणमा उल्लेखनीय सुधार ल्याउन सकिने धारणा व्यक्त गर्दै स्थानीयस्तरमै उपलब्ध पोषणयुक्त खाद्यान्नको पहिचान र प्रयोगबारे जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याँए।

मुख्यमन्त्री यादवले गृहिणी तथा समुदायस्तरका महिलालाई पोषणसम्बन्धी व्यवहारिक तालिम प्रदान गर्नुपर्नेमा जोड दिँदै स्वस्थ समाज निर्माणका लागि पोषणलाई प्राथमिकतामा राख्नुपर्ने बताए । कार्यक्रममा बोल्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायले सम्मेलनले मधेश प्रदेशमा देखिएको पुड्कोपन, ख्याउटेपन तथा रक्तअल्पता जस्ता समस्याको न्यूनीकरणका लागि ठोस रणनीति तय गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले पोषण सुधारलाई प्रदेश सरकारको प्राथमिक स्वास्थ्य एजेण्डाका रूपमा अघि बढाइएको जानकारी दिए।

स्वास्थ्य निर्देशनालयका अनुसार सम्मेलनमा पोषण नीति, मातृ तथा शिशु स्वास्थ्य, समुदायस्तरको पोषण अवस्था, स्थानीय खाद्य प्रणाली, पोषणमैत्री कार्यक्रम कार्यान्वयन तथा कुपोषण न्यूनीकरणका उपायबारे विशेषज्ञबीच गहन छलफल भइरहेको छ । सम्मेलनबाट प्राप्त सुझावका आधारमा मधेश प्रदेशको आगामी पोषण रणनीति तय गरिने जनाइएको छ।

मधेश प्रदेशमा विशेषगरी बालबालिका तथा गर्भवती महिलामा कुपोषण, रक्तअल्पता र न्यून पोषणको समस्या अन्य प्रदेशको तुलनामा बढी देखिएकाले व्यवहारिक र प्रभावकारी समाधान खोज्न नीति संवादमार्फत सम्मेलन आयोजना गरिएको आयोजकले जनाएको छ।

# ट्रान्सफर्मर विस्फोटबाट गम्भीर घाइते मजदुरको उपचारको क्रममा मृत्यु

**मधेशदृटि**
**वीरगंज।**
ट्रान्सफर्मर विस्फोटमा गम्भीर घाइते भएका एक मजदुरको उपचारका क्रममा मृत्यु भएको छ। पर्साको बहुदरमाई नगरपालिका–३ निवासी ४५ वर्षीय चनरजित राउतको काठमाडौंस्थित वीर अस्पताल मा उपचारका क्रममा आज मृत्यु भएको परिवार स्रोतले जनाएको छ। राउत वीरगंज महानगरपालिका–२३ मा रहेको सन तारा इलेक्ट्रिक प्रा.लि. मा कार्यरत थिए । उनी जितपुरसिमरा उपमहानगरपालिका–२३
भलुईस्थित एभरेस्ट छाला कम्पनी मा ट्रान्सफर्मर जडान गर्ने क्रममा भएको विस्फोटमा गम्भीर घाइते भएका थिए । विस्फोटबाट उनको शरीरका अधिकांश भाग जलेको थियो।

प्रारम्भिक उपचारपछि उनलाई थप उपचारका लागि काठमाडौं लगिएको थियो । मजदुरको मृत्यु भएपछि परिवारजन तथा आफन्तहरूले उचित क्षतिपूर्तिको माग गर्दै एभरेस्ट छाला कम्पनी अगाडि प्रदर्शन गरेका छन् । प्रदर्शनकारीहरूले पीडित परिवारलाई न्याय, राहत तथा कम्पनीको जिम्मेवारी सुनिश्चित गर्न माग गरेका छन्।

घटनापछि केही समय क्षेत्रको अवस्था तनावग्रस्त बनेको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरी परिचालन गरिएको जनाइएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

# हात, खुट्टा काटेर जलाई फालिएको अवस्थामा बालकको शव फेला

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको बरियारपट्टीमा हात, खुट्टा काटेर, जलाएर फालिएको अवस्थामा ३ वर्षीय बालकको शव फेला परेको छ । स्थानीय बालक अभियान्स यादवको विभत्स हत्या गरेको सव पोखरीमा फेला परेको इलाका प्रहरी कार्यालय लक्ष्मीपुरले जनाएको हो।

लक्ष्मीपुर पतारी गाउँपालिका–३, लबटोली निवासी भोगेन्द्र प्रसाद यादवका ३ वर्षीय छोरा अभियान्स यादव यही वैशाख २६ गते दिउँसो आफ्नी आमा अमृती यादवसँग बरियारपट्टी –४ सोहपुर गएका बेला हराएका थिए । हराएको दुई दिन पछि पोखरीमा शव फेला परेको हो । आफन्तजनले दिनभरी खोजतलास गर्दा पनि बलक फेला नपरेपछि इलाका प्रहरी कार्यालय बरियारपट्टीमा जानकारी गराइएको थियो।

बालकका आमा–बुबाबीच विगत तीन वर्षदेखि पारिवारिक विवाद रहँदै आएको थियो। बुबा वैदेशिक रोजगारीमा रहेका तथा आमा माइतीमै बस्दै आएकी थिइन् । निर्दोष बालकमाथि भएको◌ क्रूर घटनाले गाउँ शोकाकुल बनेको छ। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# नीलगाईको आतंकबाट किसान चिन्तित

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीका किसानलाई घोडगधा अर्थात् नीलगाईले असाध्य दुःख दिन थालेका छन् । पछिल्लो समय यहाँको दक्षिणवर्ती क्षेत्रमा अत्यधिक मात्रामा घोडगधा देखा परेको किसानले बताएका छन् । समूहमा देखापर्ने नीलगाईले हरेक अन्नबाली खाएर हैरान पारिरहेको कौडेना गाउँपालिका–३, पर्सा टोलका दीपलाल राय यादवले गुनासो गरे।



नीलगाईले तरकारी, उखु र मकैबाली सखाप पारेको यादवले गुनासो गरे । अन्नबाली जोगाउन सर्लाहीका किसान रातदिन खेतमै बस्न थालेका छन् । हुल बाँधेर आउने नीलगाईका कारण खेतबारीमा एक्लै जानसमेत जोखिम रहेको यादवले गुनासो गरे। दक्षिणवर्ती कौडेना, गोडैता, बलरा, रामनगर, धनकौल, बसबरियालगायतका पालिकामा नीलगाई धेरै नै देखा परिरहेको स्थानीय किसानको भनाइ छ । नीलगाईबाट बाली जोगाउन किसानले तारबार गर्ने र स्पिकर बजाउने गरेका छन् । तर पनि नीलगाई जबरजस्ती पसेर बाली खान नछाडेको गोडैता नगरपालिका–६ का किसान हरिन्द्र साहले बताए । यसअघि महेन्द्र राजमार्गसँगै जोडिएको उष्ण प्रदेशीय बागवानी केन्द्रपरिसरभित्र धेरै देखिने नीलगाई अहिले जिल्लाभर नै जताततै देखा पर्न थालेका छन् । जिल्लाको दक्षिणवर्ती क्षेत्रमा नीलगाई र उत्तरी भेगमा जङ्गली बँदेलले किसानको बालीनाली नष्ट पारिरहेका छन्। दुई साताअघि उत्तरी चुरेवर्ती क्षेत्रमा पर्ने लालबन्दी नगरपालिका–१५, परवानीपुरको झरझरामा बँदेलको आक्रमणबाट एक जनाको मृत्यु भएको थियो।

लालबन्दी नगरपालिका–१३, पत्थरकोटका अष्ट लामाले मकैलगायत प्रत्येक बालीमा बँदेल क्षति गर्ने गरेको गुनासो गरे । जिल्लाका किसानले व्यावसायिक मकै खेती बढाउँदै लगेको अवस्थामा बँदेलले दुःख दिएर हैरान पार्ने र नोक्सान पनि उत्तिकै गर्न थालेको हो।

# एसईईमा अनुत्तीर्ण विद्यार्थी असर १ गतेदेखि पुनः परीक्षा दिने

**मधेशदृष्टि**
**वीरगंज।**
माध्यमिक शिक्षा परीक्षा (एसईई)मा अनुत्तीर्ण भएकालाई आउँदो असार एक गतेदेखि ग्रेडवृद्धि परीक्षा सञ्चालन हुने भएको छ । ननग्रेडेड सबै विद्यार्थीले मौका परीक्षा दिन पाउनेछन्।

बोर्डका परीक्षा नियन्त्रक टुकराज अधिकारीले यसवर्ष एसईईमा नियमिततर्फ दुई लाख ८४ हजार १ सय ६० विद्यार्थी उत्तीर्ण भएको र एक लाख ४६ हजार ५ सय ७ ननग्रेडेड भएको जानकारी दिए । गएको चैत १९ देखि २९ गतेसम्म सञ्चालित परीक्षामा पाँच लाख १२ हजार ४ सय २१ सहभागी थिए।

बोर्डले परीक्षा सम्पन्न भएको एक महिनामै नतिजा सार्वजनिक गरेको हो । त्यस्तै, बोर्डले एसईईको नतिजामा चित्त नबुझेमा पुनर्योग गर्ने तालिका पनि सार्वजनिक गर्नेछ । यस्तै यसवर्ष कक्षा ११ को भर्ना प्रक्रिया पनि छिट्टै शुरु हुने भएको छ।

# गोली हानी ज्यानमार्ने प्रयास गर्ने दुई आरोपी पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा गोली प्रहार गरी हत्या तथा ज्यान मार्ने प्रयासका दुई गम्भीर घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाले लामो अनुसन्धानपछि घटनाका योजनाकारहरूलाई सार्वजनिक गरेको हो । प्रहरीका अनुसार माघ १६ गते सिरहा नगरपालिका–७ स्थित बाँसघारीमा ४२ वर्षीय प्रेमनाथ यादवको गोली हानी हत्या गरिएको घटनामा मृतककै छिमेकी तथा पूर्वशिक्षक ५२ वर्षीय उपेन्द्र यादव पक्राउ परेका छन्।

प्रारम्भिक अनुसन्धानमा पारिवारिक विवाद र पुरानो रिसइबीका कारण उनले भारतीय अपराधीमार्फत हत्या गराउन ३ लाख रुपैयाँको सुपारी दिएको खुलेको प्रहरीले जनाएको छ । त्यसमध्ये १ लाख रुपैयाँ अग्रिम भुक्तानी गरिएको र बाँकी रकम पछि दिने सहमति भएको बताइएको छ।

पक्राउ परेका उपेन्द्र यादवले घटनामा आफ्नो भूमिका स्वीकार गरिसकेको प्रहरीले जनाएको छ । उनीमाथि कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान भइरहेको छ भने घटनामा संलग्न अन्य भारतीय नागरिकको खोजी जारी रहेको छ।

# तीन महिनादेखि तलब नपाएका स्वास्थ्यकर्मीहरु आन्दोलित

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालमा कार्यरत अस्थायी र करारका चिकित्सक तथा स्वास्थ्यकर्मीले तीन महिनादेखि तलब तथा भत्ता नपाएको भन्दै आन्दोलन गरेका छन्।

आन्दोलनका कारण अस्पतालको नियमित सेवा प्रभावित भएको छ भने बिरामी उपचारमा समस्या परेको छ । चिकित्सकहरूले बढ्दो महँगी र पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण जीविका चलाउन कठिन भएको बताएका छन् । अस्पतालका ४७ जना विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी आन्दोलनमा सहभागी छन् । अर्थोपेडिक सर्जन डा. सुनीलकुमार साहले इमर्जेन्सीबाहेकका सेवा दिन नसकिएको जानकारी दिँदै तत्काल तलब भुक्तानी गर्न माग गरेका छन्। अस्पताल प्रशासनले भने प्रदेश स्वास्थ्य मन्त्रालयलाई पटक–पटक जानकारी गराउँदा पनि समस्या समाधान नभएको जनाएको छ । आन्दोलनका कारण उपचारका लागि आएका बिरामी मर्कामा परेका छन्।

# लागूऔषधसहित चारजना पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले लागूऔषधविरुद्ध सञ्चालन गरिरहेको 'सेवनकर्ता खोजी तथा सुधार महाअभियान' अन्तर्गत वीरगंजबाट लागूऔषधसहित चार जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वीरगंज महानगरपालिका–१६ स्थित शंकराचार्य गेट चेकपोइन्टमा भारतबाट नेपालतर्फ आउने पैदल यात्री तथा सवारी साधनमाथि गरिएको विशेष जाँचका क्रममा उनीहरू नियन्त्रणमा परेका हुन् । पक्राउ पर्नेहरूमा २६ वर्षीय पैयाल अन्सारी, ३४ वर्षीय संजय साह, २१ वर्षीय विशाल यादवसहित चार जना रहेका छन्।

प्रहरीले पैयाल अन्सारी र संजय साहको साथबाट ०.१० मिलिग्राम खैरो हिरोइन र ४ ग्राम चरेस बरामद गरेको जनाएको छ।

यस्तै, संजय साहकै साथबाट थप ३ ग्राम ४२ मिलिग्राम खैरो हिरोइन फेला परेको प्रहरीले जानकारी दिएको छ । त्यसैगरी विशाल यादवबाट ०.४३ मिलिग्राम खैरो हिरोइन बरामद गरिएको बताइएको छ।

पक्राउ परेका सबैमाथि लागूऔषध नियन्त्रण ऐनअन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले बताएका छन्।

# लक्षवारमाई दुर्गा मन्दिर योजना विवादमा


**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिका वडा नं. ४ मा निर्माण हुन लागेको श्री लक्षवारमाई दुर्गा मन्दिरको योजना अहिले विवादमा परेको छ। मधेश प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको पर्यटन विकास कार्यालयको २० लाख रुपैयाँको योजनाअन्तर्गत मन्दिर निर्माण हुने भएपछि स्थान चयनलाई लिएर वडा अध्यक्ष लक्ष्मण साह कानु र स्थानीयबीच विवाद देखिएको हो । पर्यटन विकास कार्यालयले मन्दिर निर्माणका लागि उपभोक्ता समिति गठन गर्न तथा योजना अगाडि बढाउन वडा कार्यालयलाई पत्राचार गरेको थियो।

वडा नं. ४ का वडा अध्यक्ष कानुले मन्दिर निर्माणका लागि अन्यत्र रहेको श्री रामजानकी मन्दिर परिसरको खाली जग्गा सिफारिस गरेपछि विवाद सुरु भएको हो।

स्थानीय तथा सरोकारवालाहरूका अनुसार श्री लक्षवारमाई दुर्गा मन्दिर निर्माणका लागि उपयुक्त जग्गा सञ्चारकर्मी शैलेश साह कानुको आमाको नाममा छ, त्यहाँ हाल मन्दिर पनि रहेको छ।

उक्त जग्गा मन्दिरको नाममा निःशुल्क नामसारी गरिदिन परिवार तयार हुँदाहुँदै पनि वडा अध्यक्ष कानुले त्यसलाई अस्वीकार गर्दै रामजानकी मन्दिर परिसरमा निर्माण गर्न सिफारिस गरेको आरोप स्थानीयहरूले लगाएका छन् । अधिकाँश स्थानीयले हाल मन्दिर रहेको स्थानमै निर्माण हुनुपर्ने माग गरेका छन्।

# बाबा रामजनम तिवारीको पुण्यतिथिमा श्रद्धाञ्जली



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल सद्भावना पार्टीका संस्थापक स्वर्गीय बाबा रामजनम तिवारीको २७औं पुण्यतिथि (स्मृति दिवस) को अवसरमा वीरगंजमा श्रद्धाञ्जली तथा विचार विमर्श कार्यक्रम सम्पन्न गरिएको छ।

वीरगंजको घण्टाघरस्थित स्वर्गीय तिवारीको शालिकमा माल्यार्पण गर्दै विभिन्न राजनीतिक दलका नेता, समाजसेवी तथा शुभेच्छुकहरूले उहाँप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष शिव पटेल, नेताहरू नेजामुदिन समानी लगायत विभिन्न राजनीतिक तथा सामाजिक क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा वक्ताहरूले स्वर्गीय बाबा रामजनम तिवारीले मधेश र मधेशी समुदायको अधिकार, पहिचान तथा सामाजिक न्यायका लागि खेलेको भूमिका अतुलनीय रहेको बताए।

## सम्पादकीय

# पर्साको एसईई नतिजा: ६० प्रतिशत असफललाई के गर्ने ?

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजाले पर्सा जिल्लामा गम्भीर चिन्ता उत्पन्न गरेको छ। राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको नतिजा अनुसार, देशभरबाट ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा पर्सा जिल्लाबाट भने ४०.४७ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका छन् । यो तथ्यांकले जिल्लाको शैक्षिक अवस्थाको भयावह चित्र प्रस्तुत गर्दछ, जहाँ ६० प्रतिशतभन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएका छन्। यो केवल एक तथ्यांक मात्र नभई, हजारौं विद्यार्थीको भविष्य र उनीहरूका परिवारको सपनासँग जोडिएको विषय हो।

यस निराशाजनक नतिजाका पछाडि विभिन्न कारणहरू हुन सक्छन् । कमजोर शैक्षिक पूर्वाधार, दक्ष शिक्षकको अभाव, शिक्षण विधिमा आधुनिकताको कमी, विद्यार्थीमा पढाइप्रति उत्प्रेरणाको कमी, र अभिभावकको शैक्षिक चेतनाको स्तर जस्ता पक्षहरूले यसमा भूमिका खेलेको हुन सक्छ । विशेषगरी, ग्रामीण क्षेत्रका विद्यालयहरूमा स्रोतसाधनको कमी र शहरी क्षेत्रमा पनि गुणस्तरीय शिक्षामा पहुँचको असमानताले नतिजालाई थप प्रभावित पारेको देखिन्छ । यसका साथै, कोभिड–१९ महामारीले पारेको प्रभाव र अनलाइन शिक्षामा पहुँचको अभाव पनि यसको एक प्रमुख कारण हुन सक्छ।

अब प्रश्न उठ्छ, ६० प्रतिशत अनुत्तीर्ण विद्यार्थीहरूको भविष्य के हुन्छ ? उनीहरूलाई केवल असफलको ट्याग लगाएर छोड्नु न्यायसंगत हुँदैन। सरकार, स्थानीय निकाय, विद्यालय प्रशासन, अभिभावक र नागरिक समाज सबैले मिलेर यस समस्याको समाधान खोज्नुपर्छ । तत्कालका लागि, अनुत्तीर्ण विद्यार्थीहरूका लागि विशेष पुनर्ताजगी कक्षाहरू सञ्चालन गर्न सकिन्छ । उनीहरूलाई पुनः परीक्षाको तयारीका लागि आवश्यक सहयोग र मार्गदर्शन प्रदान गरिनुपर्छ।

दीर्घकालीन समाधानका लागि, शैक्षिक प्रणालीमा व्यापक सुधारको आवश्यकता छ। शिक्षकहरूको क्षमता अभिवृद्धि, आधुनिक शिक्षण सामग्रीको प्रयोग, विद्यार्थी–केन्द्रित शिक्षण विधि अपनाउने, र विद्यालयमा आवश्यक भौतिक पूर्वाधारको विकासमा जोड दिनुपर्छ। साथै, विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ आकर्षित गर्नुपर्छ, जसले उनीहरूलाई सीपमूलक ज्ञान प्रदान गरी आत्मनिर्भर बन्न मद्दत गर्दछ। यसले गर्दा उनीहरूले केवल सैद्धान्तिक ज्ञानमा मात्र नभई, व्यावहारिक सीपमा पनि निपुणता हासिल गर्न सक्छन्।

अन्ततः, पर्साको यो एसईई नतिजाले हामी सबैलाई एउटा गम्भीर पाठ सिकाएको छ। शिक्षामा लगानी र सुधार केवल सरकारको मात्र नभई, समाजका हरेक वर्गको साझा दायित्व हो।

अनुत्तीर्ण विद्यार्थीहरूलाई दोस्रो अवसर प्रदान गर्दै, उनीहरूको क्षमता र रुचिलाई पहिचान गरी सही दिशामा अगाडि बढाउनु आजको आवश्यकता हो । यसले मात्रै उनीहरूको भविष्य सुनिश्चित गर्न सकिन्छ र समग्र जिल्लाको शैक्षिक तथा सामाजिक विकासमा टेवा पुग्छ।

# ‘पीडितकै लागि मिलापत्र नबनोस् पासो’



राजेश विद्रोही

केही दिनअघि सिरहामा भएको एउटा घटनाले मधेश समाजभित्र गहिरिँदै गएको सामाजिक, कानूनी र मानवीय सङ्कटलाई फेरि उजागर गरेको छ। यादव थरका १९ वर्षीय युवकले थारू समुदायकी १३ वर्षीया बालिकालाई स्कुल पुर्याइदिन्छु भन्दै मोटरसाइकलमा राखेर लिएर जान्छ तर स्कुलमा नपुर्याई उनलाई एउटा होटलमा लगेर जबर्जस्ती गर्छन् । त्यो सम्बन्ध सहमतिमा थियो कि जबर्जस्ती, अनुसन्धानको विषय हुनसक्छ।

नेपालको कानूनले २० वर्षभन्दा कम उमेरकी बालिकासँग भएको कुनै पनि यौन सम्बन्धलाई सहमतिको आधारमा वैध मान्दैन किनकि २० वर्षभन्दा कम उमेरका बालबालिकाले यौनसम्बन्धका लागि कानूनी सहमति दिन सक्दैनन् । घटनापछि बालिका पारिवारिक डर, लाज र सामाजिक त्रासका कारण चुप लागेर बस्छिन् । समय बित्दै जाँदा गर्भ रहन्छ । परिवारले थाहा पाएपछि प्रहरीमा उजुरी पर्छ । प्रहरीले युवकलाई पक्राउ गर्छ तर भोलिपल्टै गाउँका अगुवा, दुवै पक्षका अभिभावक र स्थानीय भलादमीहरू प्रहरी चौकीमा भेला भएर मिलापत्रको बाटो खोज्न थाल्छन् । अन्ततः युवकले बालिकालाई स्वीकार्ने र विवाह गरेर घर भित्र्याउने सहमति हुन्छ । प्रहरी पनि कानूनी प्रक्रिया अघि बढाउनुको सट्टा प्रहरी चौकी बाहिर मिलाउनुस् भन्दै दुवैलाई अभिभावकको जिम्मा लगाउँछ।

केही महिनापछि बालिकाले शल्यक्रियामार्फत छोरी जन्माउँछिन् । उमेर सानो भएकाले शारीरिक जटिलता आउँछ, दूधसमेत आउँदैन। बच्चा बाहिरी दूधको भरमा बाँच्छ । उता बालिकामाथि घरभित्र मानसिक हिंसा सुरु हुन्छ । बच्चा राख्ने, तिमीलाई नराख्ने भन्दै सासूले दबाब दिन्छिन्। युवकलाई विदेश पठाउने तयारी हुन्छ। बालिका न माइतीकी रहन्छिन्, न घरकी। उनले पटकपटक आत्महत्या गर्ने प्रयास गर्छिन्। पटकपटक कोशी नदीमा हामफाल्न खोजे पनि बच्चालाई सम्झेर फर्किन्छिन्। यो कुरा माइतीमा पुग्छ । अन्ततः उनकी आमाले फेरि प्रहरी चौकीमा उजुरी दिन खोज्दा प्रहरी उजुरी नै लिन मान्दैन।

यो एउटा प्रतिनिधि घटनामात्र हो। मधेशका धेरै गाउँहरूमा यस्ता घटना सामान्य सामाजिक अभ्याससझैँ बनिरहेका छन् । गाउँको पञ्चायत, स्थानीय नेताहरू र कहिलेकाहीँ प्रहरीसम्मको मिलेमतोमा बलात्कार, बालविवाह र बाल यौनशोषणलाई मिलापत्रमा टुङ्ग्याउने प्रवृत्ति बढ्दो छ। यसको सबैभन्दा ठूलो पीडित गरिब, दलित, जनजाति र सीमान्तकृत समुदायका बालिकाहरू भइरहेका छन्।

नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई हिंसामुक्त जीवन, शिक्षा, स्वास्थ्य र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। संविधानको धारा ३९ ले बालबालिकाविरुद्ध हुने शोषण, बालविवाह र हिंसालाई स्पष्ट रूपमा निषेध गरेको छ । त्यस्तै मुलुकी अपराध संहिता २०७४ अनुसार २० वर्षभन्दा कम उमेरकी बालिकासँग यौनसम्पर्क राख्नु जबर्जस्ती करणी मानिन्छ । बालिकाले सहमति दिएको भनिए पनि त्यो कानूनी रूपमा मान्य हुँदैन।

विद्यमान कानूनअनुसार १० वर्षभन्दा बढी र २० वर्षभन्दा कम उमेरकी बालिकामाथि जबर्जस्ती करणी भएमा १८ देखि २० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ। यहाँ पीडित बालिका केवल १३ वर्षकी छिन्। त्यसैले यो घटना स्पष्ट रूपमा गम्भीर फौजदारी अपराधभित्र पर्छ। यस्तो मुद्दा मिलापत्र हुन नसक्ने अर्थात् राज्यविरुद्धको अपराध हो तर व्यवहारमा गाउँको सामाजिक दबाब, जातीय शक्ति सन्तुलन, गरिबी, अशिक्षा र पितृसत्तात्मक सोचका कारण यस्ता घटना अदालत पुग्दै पाउँदैनन्।

नेपाल प्रहरीको तथ्याङ्क हेर्ने हो भने प्रत्येक वर्ष बलात्कार तथा बाल यौन शोषणका हजारौँ घटना दर्ता हुन्छन् । प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७९–८० मा मात्रै दुई हजार ३ सय भन्दा बढी बलात्कारका मुद्दा दर्ता भएका थिए। तीमध्ये ठूलो हिस्सा बालिकामाथिका घटनाहरू थिए । राष्ट्रिय महिला आयोग र विभिन्न मानवअधिकार संस्थाहरूका अनुसार मधेश प्रदेशमा बालविवाह र बाल यौन शोषणको दर अझै उच्च छ।

युनिसेफको तथ्याङ्कअनुसार नेपालमा २० देखि २४ वर्ष उमेर समूहका करिब ३३ प्रतिशत महिलाको विवाह १८ वर्ष नपुग्दै भएको छ। मधेश प्रदेशमा यो दर अझै बढी छ । बालविवाहसँगै किशोरी गर्भावस्था, मातृमृत्यु, विद्यालय छोड्ने समस्या र घरेलु हिंसा गम्भीर रूपमा जोडिएका छन् । तेह्र वर्षको उमेरमा गर्भवती हुनु आफैंमा अत्यन्त जोखिमपूर्ण अवस्था हो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार १५ वर्षभन्दा कम उमेरका किशोरीमा गर्भधारण हुँदा मृत्युको जोखिम धेरै हुन्छ।

शारीरिक रूपमा पूर्ण विकसित नभएकाले प्रसूति जटिलता, रक्तश्राव, कुपोषण र मानसिक आघातको सम्भावना उच्च हुन्छ। सिरहाको यो घटनामा पनि बालिकाले शल्यक्रियाबाट बच्चा जन्माउनुपरेको छ। यो केवल एउटा व्यक्तिगत पीडा होइन्, राज्य र समाजको असफलताको प्रमाण हो। सबैभन्दा दुःखद् पक्ष भनेको पीडितले न्याय खोज्न जाँदा राज्य संयन्त्र नै उदासिन बन्नु हो । कानूनअनुसार प्रहरीलाई कुनै पनि फौजदारी अपराधको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकार छैन। यदि प्रहरी कार्यालयले उजुरी लिन मानेन भने पीडितले जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, राष्ट्रिय महिला आयोग वा अदालतसम्म जान सक्छिन् । तर गरिब, अशिक्षित र सामाजिक रूपमा कमजोर परिवारका लागि यी कानूनी बाटाहरू सजिला छैनन्। उनीहरू स्थानीय शक्ति संरचना, आर्थिक अभाव र सामाजिक बदनामीको डरले दबिन्छन्।

मधेश समाजमा अहिले पनि इज्जत जोगाउने नाममा बलात्कारका घटनालाई विवाहमार्फत समाधान गर्ने प्रवृत्ति बलियो छ । धेरै अभिभावकहरू छोरीको भविष्यभन्दा सामाजिक बदनामीबाट डराउँछन् । परिणामतः पीडित बालिकालाई नै अपराधीसँग बाँधिन्छ । यस्तो विवाह प्रेम वा सहमतिमा होइन, दबाब र असमान शक्तिसम्बन्धको आधारमा हुन्छ । त्यसैले त्यहाँ हिंसा, दमन र मानसिक यातना दोहोरिइरहन्छ।

यहाँ अर्को गम्भीर प्रश्न पनि उठ्छ, प्रहरी चौकीमै मिलापत्रको वातावरण बनाइन्छ, त्यसले अपराधीलाई संरक्षण र पीडितलाई निरुत्साहित हुने काम त भएको छैन ? प्रहरीको दायित्व अपराध अनुसन्धान गरेर कानूनी प्रक्रिया अघि बढाउनु हो, गाउँको सामाजिक दबाबअनुसार अपराध मिलाउनु होइन। नेपालमा बलात्कार मुद्दा मिलापत्र गर्न नपाइने कानूनी व्यवस्था छ । सर्वोच्च अदालतले पनि विभिन्न फैसलामार्फत यौन हिंसाका मुद्दामा सामाजिक मिलापत्रलाई गैरकानूनी भनेको छ । तर व्यवहारमा अझै पनि स्थानीय तहदेखि प्रहरीसम्म सम्झौता गर्ने परिपाटी धेरै छ। विशेषगरी मधेशका ग्रामीण क्षेत्रमा जातीय शक्ति सम्बन्ध, आर्थिक असमानता र पितृसत्तात्मक सोचले न्याय प्रणालीलाई कमजोर बनाइरहेको छ।

यस समस्याको समाधान केबल कानून बनाएरमात्र सम्भव छैन । पहिलो कुरा, प्रहरी प्रशासनलाई उत्तरदायी र संवेदनशील बनाउनुपर्छ । बाल यौनशोषणका घटनामा उजुरी नलिने वा मिलापत्र गराउने प्रहरीमाथि कारबाही हुनुपर्छ । दोस्रो, स्थानीय तह, विद्यालय र समुदायमा बालविवाह तथा यौन हिंसाविरुद्ध व्यापक जनचेतना अभियान आवश्यक छ । तेस्रो, पीडित बालिकाका लागि सुरक्षित आश्रय, मनो–सामाजिक परामर्श, स्वास्थ्य सेवा र कानूनी सहायता सुनिश्चित गर्नुपर्छ। राज्यले यस्ता बालिकालाई केबल केसको रूपमा होइन, अधिकारविहीन नागरिकको रूपमा हेर्नुपर्छ । उनीहरूलाई शिक्षा, स्वास्थ्य, पुनस्र्थापना र सम्मानित जीवनको अवसर दिनुपर्छ। नत्र प्रत्येक गाउँमा यस्तै मिलापत्रको पासोमा हजारौँ बालिकाको भविष्य बर्बाद भइरहनेछ।

सिरहाकी ती १३ वर्षीया बालिका अहिले आफ्नै बच्चालाई भेट्नसमेत नपाउने अवस्थामा छिन् । उनी नाबालिका हुन्, पीडित हुन्, न्याय खोजिरहेकी नागरिक हुन् तर समाजले उनलाई अपराधीझैँ व्यवहार गरिरहेको छ । यही नै हाम्रो सामाजिक संरचनाको क्रूर यथार्थ हो । जब बलात्कारलाई विवाहले ढाकिन्छ तब न्याय मर्छ । जब प्रहरी चौकीमा पञ्चायत बस्छ, तब कानून हार्छ । जब पीडित बालिका आत्महत्या सोच्न बाध्य हुन्छिन्, तब राज्यको नैतिकता समाप्त हुन्छ । त्यसैले अब प्रश्न केवल एउटा घटनाको होइन। प्रश्न यो हो– के हामी बालिकाको जीवन बचाउने समाज निर्माण गर्दैछौँ कि अपराधलाई मिलापत्रको नाममा वैधता दिने समाज ? यदि राज्य, समाज र न्याय प्रणाली अहिले पनि मौन बसिरहने हो भने मिलापत्र वास्तवमा न्यायको होइन्, पीडितहरूको जीवन निल्ने पासो बनेर रहिरहनेछ। रासस

# नयाँ सरकारको पहिलो नीति कार्यक्रम

एकराज पाठक/रासस

सङ्घीय संसद्को बजेट अधिवेशन सोमबारदेखि सुरु भएको छ । नेपालको संसदीय परम्पराअनुसार सोमबार सङ्घीय संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहले टेबुल गरेपछि संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल सरकरको आर्थिक वर्ष २०८३–८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । नेपालको संविधानको धारा ९५ बमोजिम राष्ट्रपतिले संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो।



सरकारले नागरिकमैत्री सेवामार्फत् शासकीय सुधार गर्ने उद्देश्यले १०० दिनमा गरिने १०० कार्यसूची सार्वजनिक गरेको थियो । वर्तमान सरकार गठन भएलगत्तै पहिलो मन्त्रिपरिषद् बैठकले उक्त शासकीय सुधारको आधार पत्र जारी गरेर कार्यान्वयन गरिरहेको छ । यस शासकीय सुधारका व्यवस्थासँगै आमनागरिकले परिवर्तनको अनुभूति गर्न थालेका छन्।

विगतमा सरकारी कार्यालयमा समयमै सेवा नपाएर जनताले दुःख पाउने प्रवृत्ति अहिले धेरै हदसम्म हटेको छ। जनता प्रत्यक्ष जोडिएका श्रम, यातायात, स्वास्थ्य, शिक्षालगायतका सरकारी अड्डाहरुमा तोकिएकै समयमा सेवा प्राप्त हुन थालेको छ । कर्मचारी प्रशासन सेवाग्राहीप्रति उत्तरदायी बन्दा नागरिकले सेवाग्राहीमैत्री प्रशासनको अनुभूति गर्न पाएका छन्।

अर्कातर्फ सरकारले कर्मचारीको कार्यसम्पादनलाई नतिजामुखी र मापनयोग्य बनाएको छ। यसबाट हरेक कर्मचारी सेवा, नागरिक र राज्यप्रति जवाफदेही बन्न थालेका छन् । दैनिक सेवा प्रवाहमा सुधार ल्याउन सरकारले यी कार्यसम्पदन सूचकलाई नतिजामा आधारित बनाएको छ। गुनासो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएकाले गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न थालेका पनि छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहने गरी अधिकारसम्पन्न सम्पत्ति छानबिन आयोग गठन भएको छ भने सार्वजनिक खरिद प्रक्रियामा हुने ढिलासुस्तीलाई निरुत्साहित गर्न सार्वजनिक खरिद ऐनमा संशोधन गरिएको छ । यसका साथै खरिद एवम् अन्य कार्यप्रणालीलाई डिजिटल, पारदर्शी बनाई प्रतिस्पर्धालाई प्रोत्साहन गरिएको छ।

त्यस्तै स्वदेशमै उद्यमशीलता प्रवर्द्धन, लगानी वातावरण सुधार तथा व्यवसाय दर्ता आदि प्रक्रियाहरुलाई सहज, सरल र छिटो बनाइएको छ । व्यवसाय गर्नभन्दा व्यवसाय दर्ता गर्न गाह्रो, व्यवसायबाट मुनाफा आर्जन गर्नभन्दा कर तिर्न गाह्रो भएको अव्यवहारिक नीति र पद्धतिमा सुधार ल्याएर डिजिटल प्लेटफर्ममार्फत नै यी प्रक्रियाहरु सरल बनाइएको छ।

व्यवसायीहरु एउटै र उस्तै प्रकृतिको कामका लागि पनि कैयौँ कार्यालय धाउनुपर्ने अवस्था हटाउन व्यवसाय दर्तादेखि बन्दसम्मका सबै कामका लागि सरकारले डिजिटल प्लेटफर्महरु सञ्चालनमा ल्याएको छ।

सयदिने कार्यसूची र त्यसको कार्यान्वयनका लागि अपनाइएका विधि र पद्धतिबाट नागरिकमा सेवाको सहजतामा आशा पलाएको छ। यी कार्यक्रमहरुसँगै तादाम्यता कायम गर्दै सरकारले नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

सरकारको यो नीति तथा कार्यक्रममा विशेषगरी नीतिगत सुधार र यसमार्फत सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय परिवर्तन प्राथमिकतामा छ । त्यसैगरी सुशासन र आर्थिक पारदर्शितालाई प्राथमिकतामा राखेको छ।

नीति तथा कार्यक्रममा सरकारले मुलुकको संरचनात्मक सुधार र यसमार्फत् समृद्ध समाज निर्माणका क्षेत्रलाई प्राथमिकतामा राखेको छ।

विगतदेखि नै सङ्कटमा रहेको अर्थतन्त्रको पुनःसंरचना गरी यसका माध्यमबाट आर्थिक स्तरोन्नतिको नयाँ चरण सुरु गर्ने अभिलाषा यो नीति कार्यक्रमले राखेको छ।

यसका लागि निजी क्षेत्रसँगको सहकार्य र स्वदेशी तथा विदेशी लगानी आकर्षणका लागि लगानीमैत्री नीति र वातावरण तयार गर्ने वाचा यस नीतिमार्फत् पनि अघि सारिएको छ। सुशासन र पारदर्शिता कायम गर्दै प्रशासनिक पुनःसंरचनाका माध्यमबाट आर्थिक विकास सरकारको प्राथमिकतामा देखिएको छ।

स्वदेशमै बसेर विदेशी कम्पनीमा काम गर्नेगरी रिमोर्ट वर्क नीति, वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि स्किल पासपोर्टको व्यवस्था, २०८३ देखि २०९३ सम्मलाई रोजगार प्रवद्र्धन दशक घोषणा तथा कमाउँदै सिक्दै अवधारणामा आधारित राष्ट्रिय कार्यक्रम यसका विशेषता हुन्।

साथै बढी लगानी गर्ने विदेशी लगानीकर्ताका लागि लगानी भिषाको व्यवस्थाले नेपालमा वैदेशिक लगानीकताहरुलाई आकर्षित गर्न सक्छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई अभियानकै रूपमा अघि बढाइने कुराले सुशासनको प्रवद्र्धन गर्नसक्छ । आगामी दशक ३० हजार मेगावाट विद्युत् उत्पादनदेखि आगामी दशकमा औसत सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिनु सकारात्मक छ। सार्वजनिक सेवा प्रवाहमा आमूल सुधार गरी नागरिकलाई सुशासनको अनुभूति गराइने कुरा अर्को आशालाग्दो कार्यक्रम हो।

सरकारले सुशासन र राष्ट्रिय आयका लागि सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योगका रुपमा घोषणा गर्ने नीति लिएको छ भने विद्यालय तहदेखि नै एआई र अत्याधुनिक प्रविधि पढाइने कार्यक्रम अघि सारेको छ। साथै देशमा पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि देवभूमि नेपाल राष्ट्रिय अभियानमार्फत आध्यात्मिक पर्यटन प्रवर्द्धन गर्न पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथलाई आध्यात्मिक तीर्थ कूटनीतिसँग जोडिनुले नेपालमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेछ।

सरकारले निजामती तथा अन्य सरकारी सेवालाई तटस्थ, निष्पक्ष, उत्तरदायी बनाउने घोषणा गरेको छ भने निजामती सेवालाई नतिजामुखी बनाउन ट्रेड युनियन खारेजी तथा स्वार्थको द्वन्द्व नियन्त्रणका लागि कानूनको तयारी भइरहेको जनाएको छ । यसबाट मुलुकको निजामती प्रशासन नतिजामुखी र तटस्थ बन्न सहयोग पुग्नेछ।

रोजगार प्रवद्र्धन दशक घोषणा गरेर कार्यक्रमहरू सञ्चालन गर्ने, प्रवासी नेपालीको पुँजी, सीप भित्र्याउन डायस्पोरा विज्ञ सञ्जाल निर्माण र ज्ञान बैंक स्थापना एवम् रिभसर् प्रवासन प्रोत्साहन गर्न एकीकृत प्रोत्साहन प्याकेज कार्यक्रमहरु प्रभावकारी रुपमा नै कार्यान्वयनमा ल्याइयो भने मुलुकमा आर्थिक चलायमान बढाउन सघाउने छन्।

आगामी वर्षको बजेटको निर्देशक सिद्धान्त रहेको यो नीति तथा कार्यक्रमको जगमा टेकेर अझ प्रभावकारी कार्यक्रमहरु बजेटमा रुपान्तरित हुन सकुन् । सरकारले डिजिटाइजेसन, सुशासन र स्वदेशी एवम् विदेशी लगानी विस्तारलाई आर्थिक रुपान्तरणको आधार बनाई अहिले चार प्रतिशतमा खुम्चिइरहेको आर्थिक विकास प्रस्तावित कार्यक्रमअनुसार नै आगामी दशकभर सात प्रतिशत पुग्न सकोस्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# मानवीय संरचनामाथि डोजर चलाएर विकास हुँदैनः ज्ञानेन्द्र शाही



**काठमाडौँ ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संसदीय दलका नेता ज्ञानबहादुर शाहीले मानवीय संरचनामाथि डोजर चलाएर विकास नहुने बताएका छन् ।
मङ्गलवार प्रतिनिधि सभा बैठकमा बोल्दै नेता शाहीले सत्ता स्थायी नहुने भन्दै हेक्का राख्न रास्वपालाई चुनौती समेत दिए ।
'सरकारी सम्पत्ति जोगाउनु पर्छ भन्ने मान्यता राख्छु । अवैध संरचना भत्काउनुस् । यो भत्काउनु पर्छ भन्ने पक्षमा म छु । तर मानवीय संरचनामाथि डोजर चलाएर विकास हुँदैन । सरकारले सुकुम्वासी बस्ती होइन, हुकुमबासीको मानसिकतामाथि प्रहार गर्नुस् ।
आज सत्ता र शक्तिको आडमा पूर्व माननीयज्यूले अघि भन्नु भएको थियो–आज मन्त्रीपरिषद्का सदस्य समेत हुकुमवादी भएका प्रमाणहरू छन् । आज त्यहाँमाथि किन डोजर चलाईएन ? सुकुम्वासी बस्ती हटाउने क्रममा आज दुई जना मान्छेले आत्महत्या गर्नु पयो । अव प्रश्न उठ्छ रु नागरिकको जीवनको सुरक्षा सरकारको कर्तव्य हो कि होइन ?' उनले भने ।

# नवप्रवर्तन र अनुसन्धानलाई प्राथमिकतामा राख्न सांसद पुनको आग्रह



**काठमाडौँ ।**
स्वतन्त्र सांसद महावीर पुनले नप्रवर्तन र विज्ञान अनुसन्धानलाई प्राथमिकतामा राख्न आग्रह गरेका छन् ।
प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष बैठकमा बोल्दै उनले यसअघि आफू सरकारमा हुँदा नवप्रवर्तन र विकास अनुसन्धानका लागि अध्यादेश ल्याउन प्रयास गरेको अवगत गराए । यो आफ्नो माग भएको र यसमा काम गर्न सरकारसँग उनले आग्रह गरे ।
साथै उनले विज्ञान प्रविधि, नवप्रवर्तन र अनुसन्धानसम्बन्धी छुट्टै मन्त्रालय गठन गर्नुपर्ने माग गरे । उनले आफू विसं २०८२ फागुन २१ गतेको निर्वाचन गराउने सरकारको मन्त्री रहेको बताउँदै त्यही सरकारले गरेको निर्वाचनबाट नै वर्तमान संसद् र सरकार बनेको उल्लेख गरे ।
तत्कालीन अवस्थामा आफूले ल्याउन खोजेका तीन वटा अध्यादेशमध्ये शिक्षालाई राजनीतिबाट मुक्त गर्नका लागि विश्वविद्यालयसम्बन्धी अध्यादेश वर्तमान सरकारले उक्त अध्यादेश ल्याएको बताउँदै तर कुलपति भने प्रधानमन्त्री नहुने व्यवस्था गर्नुपर्ने माग गरे । रासस

# संविधान संशोधन संवेदनशील र गम्भीर विषय हो, हल्का ढंगले लिनु हुँदैनः प्रचण्ड



**काठमाडौं ।**
पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल(प्रचण्ड)ले संविधान संशोधनको विषयलाई हल्का ढंगले लिन नहुने बताएका छन् ।
मंगलबार बसेको प्रतिनिधि सभा बैठकलाई सम्बोधन गर्दै उनले संविधान संशोधन एकदमै संवेदनशील र गम्भीर विषय रहेको बताए ।
'संविधान संशोधन गरौं, तर त्यो संशोधनले लोकतन्त्रलाई अझै सुदृढ गरोस् ।
संविधान संशोधन गरौं, जसले सिमान्त क्षेत्रको प्रतिनिधित्व अझै विस्तारित होस्,' प्रचण्डले भने ।
उनले संविधान संशोधन एकदमै संवेदनशील र गम्भीर विषय रहेको स्मरण गराउँदै यसलाई हल्का ढंगले लिने नहुनेमा उनको जोड थियो ।

## प्रतिनिधिसभा बैठकको शून्य समयः

# जनताको दैनिकीसँग जोडिएका विषयलाई प्राथमिकता दिन आग्रह



**काठमाडौँ ।**
सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउँदै जनताको दैनिकीसँग जोडिएका विषयलाई प्राथमिकतामा राख्न आग्रह गरेका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा उनीहरूले जनताको अधिकारलाई संरक्षण गर्ने दायित्व सरकारको भएको पनि स्मरण गराए ।
सांसद विश्वराज पोखरेलले ओखलढुङ्गा जिल्लामा प्रसारण लाइनबाट करेन्ट लागी घाइते भए पनि उपचार नपाएकाले उपचारको व्यवस्थाका साथै प्रसारण लाइन दुर्घटना नहुने गरी व्यवस्थापन गर्न माग गरे । सांसद बुद्धरत्न महर्जनले चापागाउँ क्षेत्रको सडक जीर्ण भएकाले छिटो निर्माण गर्न माग गरे । सांसद बुद्धिप्रसाद पन्तले वीरगंज जीवनकै कठिन अवस्थाबाट गुज्रिएको, वीरगंजको सडक भत्किएको, हेटौँडामा २५ गज, वीरगंजमा २५ मिटरको सडक मापदण्ड बनाउँदा एउटै राजमार्गमा दोहोरो हुनेगरी नीतिगत र कानुनी व्यवस्था गर्न नहुने बताए ।
सांसद भरतबहादुर स्वाँरले अछामको विकासमा कञ्जुस्याइँ गरिएको जिल्ला अस्पताललाई १०० शय्याको बनाइनुपर्ने माग गरे ।
सांसद भरतप्रसाद पराजुलीले सिन्धुपाल्चोकको गुठी समस्या समाधान गरी किसानलाई जग्गा दिन माग गरे । जिल्लामा बाँदर तथा बँदेलका कारण कृषक बाली उठाउन नपाउने भएकाले नियन्त्रणको कार्यक्रम ल्याउनुपर्नेमा उनले जोड दिएका थिए । सांसद भूमिका लिम्बू सुब्बाले पाँचथरका पुल निर्माण सम्पन्न नभएकाले वर्षायाम अगावै वैकल्पिक व्यवस्था गर्न माग गरिन् । सांसद भूमिका श्रेष्ठले लैङ्गिक तथा यौनिक अल्पसंख्यकका हकअधिकारलाई उच्च प्राथमिकता दिएको आगामी बजेट निर्माण गरिनुपर्नेमा जोड दिइन् ।
सांसद मञ्जु भुसालले बुटवलबाट प्रादेशिक राजधानी सारिएपछि बजार सुनसान भएको, बुटवल क्षेत्रका जनताको सुरक्षित बसोबास निश्चित गरी बस्ती व्यवस्थित बनाउने काम अघि बढाउन माग गरिन् ।
सांसद मनदकृष्ण श्रेष्ठले नीति तथा कार्यक्रमको बुँदा नं ५८ मा गरिएको अपाङ्गका लागि गरिएको व्यवस्था उपयुक्त नभएकाले विशेष व्यवस्था गर्न माग गरे । सांसद मनमाया विकले सुकुमवासी समस्याका विषयमा कानुन, न्याय तथा मानव अधिकार समितिबाट अनुगमनमा जाँदा विद्यार्थीले पढ्न नपाएको, डोजरले घर भत्काएको दृश्यले मानसिक समस्यामा रहेकाले समस्या समाधान गर्न माग गरिन् ।
सांसद मनिष खनालले ३५ वर्षदेखि लालपुर्जाको राजनीति अब बन्द हुनुपर्ने बताउँदै वास्तविक सुकुमवासी समस्या समाधान गर्न प्राधिकरण गठन गरिनुपर्ने माग गरे । सांसद माधवबहादुर थापाले पाल्पाको पर्यटकीय विकास गर्न माग गरे । जिल्लालाई पर्यटन पुँजीका रूपमा विकास गरिनुपर्ने उनको भनाइ थियो ।
सांसद मोहनलाल आचार्यले प्राचीन तिलौराकोट रहेको कपिलवस्तुको पर्यटकीय विकास गर्नेगरी बजेट ल्याउन माग गरे । सांसद महम्मद फिरदोस आलमले रौतहटको सीमावर्ती क्षेत्रमा चारपाङ्ग्रे सवारी निषेध गर्दा समस्या भएकाले समाधान माग गरे । जिल्लामा उखु किसानका उखु थन्किएकाले गरुडाको श्रीराम सुगर मिल तत्काल सञ्चालनमा ल्याउन माग गरे ।
सांसद वसुमाया तामाङले रैथाने र मौलिक परिकारलाई विश्वमा चिनाउन माग गरिन् । उनले ६० प्रतिशत जनता कृषिमा निर्भर भएकाले रैथाने र मौलिक कृषि उपज विदेशमा निर्यात गर्न र विश्व व्यापार सङ्गठनमा गरेको प्रतिबद्धता पूरा गर्न माग गरिन् ।
सांसद भरत गिरीले राजनीतिक दलभन्दा माथि उठेर काम गर्न सरकार लाग्नुपर्ने बताए । सांसद यज्ञबहादुर बोगटीले घरबारविहीन भएकाको घरबारको व्यवस्था गर्न माग गरे । सांसद युवराज दुलालले मेलम्ची, इन्द्रावती बाढी पीडितको समस्या समाधानमा काम गर्न अनुरोध गरे ।
उनले मेलम्ची खानेपानी आयोजनाको सामाजिक उत्थान कार्यक्रम सञ्चालनमा ल्याउन र वनदेउ चौतारा सडक जीर्ण भएकाले निर्माण गर्न माग गरे ।
सांसद रचना खतिवडा खत्रीले सहिद परिवार र घाइतेको घाउमा मल्हम लगाउन माग गरिन् । सांसद रजनी श्रेष्ठले खेलाडी विदेशिन बाध्य भएको उल्लेख गर्दै विद्यालयमा खेल अनिवार्य गरिनुपर्ने र खेल क्षेत्रमा राजनीति नगर्न माग गरिन् । सांसद रत्नकुमारी थापाले अछामका बाढी पहिरो पीडितको समस्या समाधान गरिनुपर्नेमा जोड दिइन् । सांसद रञ्जु न्यौपानेले ज्येष्ठ नागरिकमैत्री सार्वजनिक संरचना निर्माण गर्न माग गरिन् ।
सांसद रमेशकुमार मल्लले सल्यानमा असिना पानीले कृषि उपज क्षति गर्नाका साथै संरचनामा क्षति पुगेकाले तथ्याङ्क सङ्कलन गरेर क्षतिपूर्ति दिनुपर्नेमा जोड दिए ।
सांसद रमेशकुमार सापकोटाले कर्णालीमा विद्युत् नहुँदा बनाउन ढिलाइ भएको बताए । अन्यत्र यस्तो समस्या हुँदा पाँच, सात दिनमै बन्ने तर कर्णालीमा ढिलाइ भएको उनले जानकारी गराए । सांसद रमेश प्रसाइँले जेनजी आन्दोलनका दोषीलाई कानुनी कारबाहीको माग गरे ।
सांसद रहबर अन्सारीले बारा पर्सा कोरिडोर नेपालको ठूलो करिडोर भएको यहाँ खोला, नाला हडी उद्योग बनेकाले उच्चस्तरीय छानबिन गरी हड्पिएको जग्गा सरकारी स्वामित्वमा ल्याउन माग गरे । सिमराको क्यासिनोमा नेपालीलाई प्रवेश गराइएकाले त्यसमा प्रतिबन्ध लगाउनुपर्नेमा उनको जोड थियो ।
सांसद राजकिशोर महतोले किसानको बाली नीलगाईका कारण क्षति पुगेकाले यो समस्या समाधान गर्न माग गर । सांसद राजन गौतमले नवलपुरमा नारायणी कटानले भूमि गुमाउने जनताले जग्गा कहिले पाउने निश्चित गर्न माग गरे । तटबन्धलाई आगामी वर्षको बजेटमै व्यवस्था गरिनुपर्ने उनको भनाइ थियो ।
सांसद राजीव खत्रीले काठमाडौँ र भक्तपुरमा बन्ने भनिएको स्मार्ट सिटीको काम दशकौँ भइसक्दा पनि ढिलाइ भएको भन्दै छिटो निर्माण गरिनुपर्नेमा सरकारको ध्यानाकर्षण गराएका थिए । सांसद कलावती शर्माले सुकुमवासी समस्या समाधानका लागि सरकारले गम्भीरतापूर्वक लाग्नुपर्नेमा जोड दिइन् ।

# संसदमा उठ्यो डुबान, हत्या र हिरासत मृत्युको मुद्दा

प्रतिनिधिसभाको मंगलबारको शून्य समयमा आफ्ना धारण राख्ने सांसदहरूले वर्षायाम सुरु भएकाले बाढीपहिरो, डुबान रोकथाम गर्नुपर्ने, स्वास्थ्य शिक्षालगायत विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकमा सांसद राजेशकुमार चौधरीले रौतहट जिल्ला चारैतिर नदीनालाले घेरिएको हुनाले हरेक वर्ष सदरमुकाम डुबान भएर करोडौँ क्षति गरेकाले त्यसलाई समयमै रोकथामका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराए ।
सांसद राधिका रम्तेलले सुर्खेतकी १६ वर्षीया एनिसा विकको बलात्कारपछि हत्या र सिन्धुलीका २२ वर्षीय श्रीकृष्ण विकको प्रहरी हिरासतमा मृत्यु भएकाप्रति सरकारको ध्यानाकर्षण गराउँदै राज्यले कमजोर र दलितपीडित नागरिकलाई सुरक्षा नदिएको बताइन् ।
सांसद रामविनोद यादवले धनुषा क्षेत्र नं २ मा कमला नदीको कटान र डुबानबाट पीडित हुँदै आएको, शिक्षा र स्वास्थ्यको कमी भएकाप्रति सरकारको ध्यानाकर्षण गराए ।
सांसद रिगला यादवले सरकारले तयारीबिना सुकुम्बासी बस्ती उठाउने काम गरेकाप्रति ध्यानाकर्षण गराउँदै सुकुम्बासीलाई उचित बासको ग्यारेन्टी गर्न माग गरिन् ।
सांसद रिमा विश्वकर्माले सिन्धुलीले २२ वर्षीय श्रीकृष्ण विश्वकर्माको खुर्कोट इलाका प्रहरी हिरासतमा मृत्यु भएको घटनाको आज १८ दिन बितिसक्दा पनि न्याय नपाएको र यस्ता हिरासतभित्र हुने अधिकांश मृत्युलाई आत्महत्या भन्न नमिल्नेप्रति सरकारको ध्यानाकर्षण गराइन् ।
सांसद रुपेस रञ्जितले भक्तपुरले खोपः विश्वविद्यालयको निर्माण र वीर अस्पतालको निर्माणका प्रतीक्षामा बसेको र भक्तपुरमा मापदण्डविपरीत बनाएको इँटाभट्टाहरूलाई तत्काल बन्द गर्न उद्योग र वातावरण मन्त्रालयको ध्यानाकर्षण गराए । सांसद रुविना आचार्यले आगामी आर्थिक वर्षमा देशमा आवश्यकताका आधारमा बजेट विनियोजन गर्नुपर्ने र वर्षायामका कारण बाढीपहिरो, डुबानका कारण हुने खतराबाट बचाउन पहिला नै ध्यान दिनुपर्नेमा जोड दिइन् ।
सांसद रेखाकुमारी यादवले सुकुम्बासीहरूको बिनातयारी बस्ती उठाउने भन्दापनि राज्यले उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दियन् । सांसद विदुषी राणाले सरकारले उद्योग, उत्पादनलाई प्राथमिकतामा राख्नका लागि ढुवानीको उचित व्यवस्थापन गर्न सडक मार्गको राम्रो व्यवस्थापन गर्नुपर्नेप्रति सरकारको ध्यानाकर्षण गराइन् । सांसद बिना गुरुङले पोखरास्थित फेवातालको संरक्षण गर्दै लालपुर्जा भएका व्यक्तिहरूलाई मुआब्जा दिन र वरपर वर्षौंदेखि माछा व्यवसाय गर्ने जलारी समुदायलाई उचित व्यवस्थापन गर्न माग गरिन् । रासस

# कांग्रेसद्वारा २१ बुँदे 'कर्णाली सङ्कल्प पत्र' जारी

**कर्णाली ।**
नेपाली कांग्रेसले कर्णालीको विकास, समृद्धि, सुशासन र जनसेवालाई केन्द्र भागमा राख्दै २१ बुँदे 'कर्णाली सङ्कल्प पत्र' जारी गरेको छ ।
केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा सुर्खेत वीरेन्द्रनगरमा सञ्चालन भएको प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र पार्टी नेतृत्वबीचको अन्तक्रिरया कार्यक्रम सम्पन्नपश्चात् मंगलबार सङ्कल्प पत्र जारी गरिएको हो । पत्र जारी गर्दै कांग्रेस सभापति गगनकुमार थापाले कांग्रेस नागरिकमैत्री र जिम्मेवार सरकार सञ्चालन गर्न प्रतिबद्ध रहेको बताए ।
सङ्कल्प पत्रमा कानुन र विधिअनुसार निर्णय गर्ने, मानवतालाई केन्द्रमा राखेर सेवा दिने तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती र विपन्न वर्गलाई घरमै पुगेर सेवा उपलब्ध गर्ने, असार १० भित्र अनिवार्य बजेट ल्याउने, योजनालाई व्यवस्थित बनाउन 'प्रोजेक्ट बैङ्क' प्रणाली लागू गर्ने र टुक्रे योजना रोक्ने निर्णय गरिएको उनले जनाए ।
जारी पत्रमा आर्थिक अनुशासन कायम गर्दै शून्य बेरुजुको लक्ष्य लिने र स्थानीय तहमा विज्ञ, नागरिक समाज तथा पार्टीसँग परामर्श गरेर मात्र योजना बनाउने, वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमसँग जोड्ने, रोजगार बैङ्क स्थापना गर्ने र स्वरोजगार सिर्जना गर्ने, कर्णालीको पहिचान झल्किने पाठ्यक्रम निर्माण, अनुसन्धानमा आधारित शिक्षा र स्वास्थ्य बीमालाई थप प्रभावकारी बनाउने योजना अगाडि सारेको उल्लेख गरिएको छ ।
त्यस्तै, दुर्गम क्षेत्रमा 'एयर एम्बुलेन्स' सेवा सहज बनाउने, जडीबुटी, जलस्रोत, जङ्गल र पर्यटनको संरक्षण गर्दै स्थानीय उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्ने, उच्च मूल्यका जडीबुटीको प्रशोधन र अन्तरराष्ट्रिय 'ब्रान्डिङ' गर्ने, बोक्सी प्रथा, छाउपडी, बालविवाह र छुवाछूतजस्ता कुरीति अन्त्य गर्न विशेष अभियान सञ्चालन गर्नेजस्ता योजनाहरु सङ्कल्प पत्रमा उल्लेख गरिएको छ ।
सङ्घीयताको प्रभाव गाउँसम्म पुर्‍याउन वित्तीय अधिकार र कर्मचारी व्यवस्थापनमा सङ्घीय सरकारको ध्यानाकर्षण गर्ने, हुम्लाको यारी नाका व्यावसायिक रूपमा सञ्चालन गर्न पहल गर्ने र पार्टी सङ्गठनलाई 'डिजिटल' प्रणालीमार्फत अझ सशक्त बनाउने प्रतिबद्धता पनि सङ्कल्प पत्रमा गरिएको छ ।
निर्वाचनमा पार्टीले भोगेको हारको समीक्षा र आगामी रणनीतिबारे छलफल गरिएको भेलामा सुशासन, विकास र सेवा प्रवाहका विषयमा प्रशिक्षण गरिएको सभापति थापाले जनाए ।
कार्यक्रममा पार्टी सभापति थापा, उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदीप पौडेललगायत केन्द्रीय नेता, प्रदेश पदाधिकारी, प्रदेशसभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिको सहभागिता रहेको थियो । रासस

# तुलसीपुरका थारु महिला तरकारीखेतीबाट आत्मनिर्भर बन्दै



**दाङ ।**
तुलसीपुर उपमहानगरपालिका–१५ अकमीगाउँका थारु महिला मौसमी तथा बेमौसमी व्यावसायिक तरकारी खेती गरी मनग्य आम्दानीमार्फत आत्मनिर्भर बन्दै आएका छन् । अकमीगाउँसहित आसपासका गाउँका थारु महिला अहिले व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित भएका हुन् । यसबाट जीविकोपार्जन गर्न र छोराछोरीलाई पढाउन सजिलो भएको थारु महिला बताउँछन् ।
तुलसीपुर–१५ की ४४ वर्षीया स्यानी चौधरीले व्यावसायिक रूपमा तरकारी खेती गर्न थालेको लामो समय बितिसकेको छ । उनले तरकारी खेती गरेर आत्मनिर्भर बन्नुका साथै आफूलाई एक सफल महिला कृषकका रूपमा चिनाएकी छन् । उनले मौसमी र बेमौसमी तरकारीसहित धनियाँ बिक्री गरेर वार्षिक रु चार लाखसम्म आम्दानी भइरहेको जानकारी दिइन् । आफूले उत्पादन गरेको धनियाँ र तरकारी बिक्री गर्न एकाबिहानै छिट्वा बोकेर तुलसीपुर बजारका घरघर पुग्छिन् ।
यसपटक मौसमी धनियाँ बिक्रीबाट मात्र रु दुई लाख ५० आम्दानी भएको स्यानीले बताइन् । उनले भनिन्, 'अहिले बेमौसमी तरकारी खेती र धनियाँ खेती गरेकी छु । उत्पादन मनग्य छ, दिनहुँजसो बजारमा बिक्री गरिरहेकी छु ।' विसं २०५८ देखि यो पेसा अपनाएको बताउँदै स्यानीले १५ वर्षदेखि व्यावसायिक रूपमा खेती सुरु गरेको बताइन् । उनले हाल १० कट्ठा जमिनमा स्थानीय जातको बेमौसमी धनियाँ खेती गर्नुभएको छ भने १० कट्ठा जमिनमा तरकारी खेती गरेकी छन् ।
एक वर्षमा दुई पटक मौसमी र बेमौसमी तरकारी खेती गर्दै आएको बताउने उनले धनियाँ प्रतिमुठा रु २० मा बिक्री गर्दै आएको जानकारी दिइन् । उनका अनुसार बोडी, भिन्डी, करेला प्रतिकिलो रु एक सय २० सम्म बिक्री हुन्छ । तरकारी बेचेर भएको आम्दानीबाट स्यानीले गाउँमा १७ कट्ठा चार धुर जमिन जोडेको बताइन् । हाल १० कट्ठामा धनियाँ खेती र बाँकी जमिनमा बेमौसमी तरकारी खेती गर्दै आएको उनले उल्लेख गरिन् ।
तुलसीपुर उपमहानगर पालिकाले तरकारी बिक्रीका लागि बनाइदिएको तरकारी केन्द्र बजारबाट टाढा रहेकाले त्यहाँ उपभोक्ता नजाँदा सडकमै बसेर बिक्री गर्नुपर्ने बाध्यता रहेको स्यानीले बताइन् ।
तुलसीपुर–१५ की ५५ वर्षीया रेखा चौधरी पनि व्यावसायिक रूपमा तरकारी खेती गरेर आत्मनिर्भर बनेकी छन् । उनले १५ कट्ठा जमिनमा टमाटर, काँक्रा, सिमी, भिन्डी, बोडीलगायत बेमौसमी तरकारी खेती गरिरहेको बताइन् । उत्पादन गरेको तरकारी बिक्री गर्न दैनिकजसो बिहानै आफू तुलसीपुर बजारमा आउने गरेको उनले जानकारी दिइन् ।
रेखाले भनिन्, पहिला हामीले धानखेती गर्दथ्यौँ, तर त्यसबाट मात्र मनग्य आम्दानी लिन नसकेपछि धानखेती छाडेर छ वर्षदेखि तरकारी खेती गरेका छौँ, दुःख भए पनि आम्दानी प्रशस्त हुन्छ । तर सडक छेउमा बसेर तरकारी बेच्नुपर्ने बाध्यताले दुर्घटनाको जोखिम छ । सडक छेउमा बसेर एक वर्षमा रु चार लाखसम्म आम्दानी भइरहेको उनले जानकारी दिइन् ।
तुलसीपुर–१५ की ४० वर्षीया राजपति चौधरीले तरकारी खेतीमा रमाउँदै वार्षिक रु तीन लाख ५० हजारसम्म आम्दानी गरिरहेकी छिन् । उनले १४ कट्ठा जमिनमा व्यावसायिक रूपमा मौसमी र बेमौसमी तरकारी खेती गरेर आत्मनिर्भर बन्नुभएको छ । तरकारी खेतीबाटै भएको आम्दानीले दुई छोराछोरीलाई कृषि प्राविधिक विषय पढाउन सजिलो भएको उनले बताइन् ।
सामान्य लेखपढ गरेको बताउने राजपतिले यो पेसामा टिकाइराख्न महिलालाई तरकारीको उचित मूल्य र बजारीकरण, सुरक्षित बिक्री गर्ने स्थान तथा उन्नत जातको बीउ र कीटनाशक औषधि, तालिमको व्यवस्था आवश्यक रहेको भन्दै स्थानीय सरकारले सहयोग गर्नुपर्नेमा जोड दिइन् ।
यी तीन महिला मात्रै होइन अकमी, धम्कापुर, मटेरा, मेटेरी, गोलौरी, पड्डालगायत गाउँका ५०० बढी थारु महिला तरकारी खेतीमार्फत आत्मनिर्भर बन्दै आएका छन् । तरकारी खेतीबाटै आत्मनिर्भर बन्दै गएका उनीहरूमध्ये अधिकांशले दिनहुँ तुलसीपुरस्थित सीतलपुर चोकका सडक छेउमा बिहानैदेखि बसेर तरकारी बिक्री गर्दै आएका छन् ।
तुलसीपुर उपमहानगरपालिकाकी उपप्रमुख स्यानी चौधरीले अकमी, धम्मकापुर, तथा आसपास क्षेत्रमा रहेका छ वटाभन्दा बढी गाउँका सयौँ थारु महिला तरकारी खेतीमार्फत आत्मनिर्भर बन्दै गएका बताइन् । उनले उपनगरपालिकाभित्र तरकारी खेती गर्ने सबै कृषकद्वारा उत्पादित तरकारीको उचित मूल्य प्राप्त गर्न, बजारीकरणका लागि आफूहरू गम्भीर रहेको बताइन् । उपप्रमुख चौधरीले तुलसीपुर उपमहानगर पालिका–६ मा रहेको तरकारी बजार केन्द्रमा विभिन्न गाउँबाट तरकारी बिक्री गर्न आउने किसानका लागि बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म समय छुट्याइएको बताइन् । सो स्थान निःशुल्क रूपमा प्रदान गरिएको उनको भनाइ छ ।
"ग्राहक त्यस ठाउँमा आउन मान्दैनन् भन्ने किसानको गुनासो आएपछि हाललाई तुलसीपुर क्षेत्रका विभिन्न तीन ठाउँमा किसानलाई सडक छेउका फुटपाथमा सुरक्षित भएर तरकारी बिक्री गर्न अनुमति दिएका छौँ", उपप्रमुख चौधरीले भनिन् ।
यसैगरी, उनीहरूलाई दिसापिसाव गर्न केही असहज भएकाले आसपासका होटेल तथा पसलका शौचालय प्रयोगका लागि उपमहानगरले समन्वय गरिरहेको जानकारी दिइन् । उपमहानगर क्षेत्रका धेरै किसान तरकारी खेतीमा आकर्षित भई आत्मनिर्भरतर्फ उन्मुख भइरहेकाले उपमहानगरले आवश्यक समन्वय र सहजीकरण गरिरहेको उनको भनाइ छ । विशेष गरी तरकारी खेतीले गर्दा महिलालाई आर्थिक रूपमा सक्षम बनाउन मद्दत पुगेको उनले बताइन् । रासस

# सैँतिस वर्षदेखि व्यवसायिक कृषिमा रमाउँदै थारू



**बर्दिया ।**
बर्दियाको बढैयाताल गाउँपालिका–८ फूलपुरका–६८ वर्षीय किसान ईश्वरीप्रसाद थारूले कृषि पेसाबाटै वार्षिक लाखौँ आम्दानी गर्दै आएका छन् ।
विगत ३७ वर्षदेखि मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आएका उनले माटोमै आर्थिक समृद्धिको सम्भावना देखेपछि कृषि पेसालाई मुख्य आयस्रोत बनाएका हुन् ।
उनले एक बिघा जमिनमा वार्षिक रूपमा धान करिब ३५ क्विन्टल, आलु १८० क्विन्टल र तरबुजा १५० देखि १६० क्विन्टलसम्म उत्पादन गर्छन् । त्यसैगरी, नौ कट्ठा क्षेत्रफलमा लगाइएको काँक्राबाट मात्रै वार्षिक तीन लाख रुपैयाँभन्दा बढी आम्दानी लिने गर्छन् ।
एक बिघा १० कट्ठामा गरिएको कृषि व्यवसायबाट वार्षिक करिब १३ लाख रुपैयाँ आम्दानी हुने र करिब पाँच लाख रुपैयाँ लागत लाग्ने उनको भनाइ छ ।
उनले चार वर्षअघि सुरु गरेको तरबुजाखेती पहिलो वर्षमै सफल भएपछि थारूले यसलाई निरन्तरता दिएका हुन् ।
अग्र्यानिक उत्पादन भएकाले ग्राहकहरू सिधै बारीमै आउने र स्थानीयसहित छिमेकी बाँके जिल्लाबाट समेत अवलोकनका लागि आउने गरेका छन् ।
राष्ट्रपति पुरस्कारबाट सम्मानित किसान थारूले खुला सिमानाका कारण भारतीय तरकारी सस्तोमा भित्रिँदा स्वदेशी उत्पादनले उचित मूल्य नपाउने समस्या रहेको उल्लेख गरे ।
उनले किसान लक्षित अनुदान, प्राविधिक सहयोग तथा आयात नियमनमा सरकारले ध्यान दिनुपर्ने बताए । युवाहरू विदेशिने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै उनले कृषि क्षेत्रमा पर्याप्त सम्भावना रहेको धारणा राखे । हाल उनले पाँचदेखि सात जनासम्मलाई दैनिक ज्यालादारीमा रोजगारी दिँदै आएका छन् । रासस

# लेबनानमा इजरायली आक्रमण, छ जनाको मृत्यु



**लेबनान ।**
युद्धविराम सम्झौताको बाबजुद दक्षिणी लेबनानमा भएको इजरायली आक्रमणमा छ जनाको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएको सरकारी मिडियाले जनाएको छ ।
लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले सोमबार राति भएको इजरायली आक्रमणले राजधानी बेरुतबाट ९५ किलोमिटर टाढाको सहर कफर डोनिनको एउटा घरमा प्रहार गरेको रिपोर्ट गरेको छ । घाइतेहरूलाई उपचारको लागि तटीय सहर टायरको अस्पतालमा लगिएको एनएनएले जनाएको छ । इजरायल र लेबनान बीच अप्रिल –१७ मा युद्धविराम भएको भए पनि इजरायलले दक्षिण लेबनानमा आफ्नो आक्रमणलाई तीव्र बनाएको जनाइएको छ ।
स्वास्थ्य अधिकारीहरूका अनुसार लेबनान गत मार्च –२ मा मध्यपूर्व युद्धमा तानिए पछि दुइ हजार ८०० भन्दा बढी मानिस मारिएका छन् । लेबनानी नेताहरूले हाल बेरुतका लागि अमेरिकी राजदूतलाई इजरायललाई युद्धविरामको समयमा आक्रमण रोक्न दबाब दिन आग्रह गरेका छन् भने इजरायलले पनि गोली हानाहान भएको रिपोर्ट गरेको छ । इजरायली सेनाले सप्ताहन्तको समयमा लेबनानसँगको सीमा नजिकैको लडाइँमा आफ्नो एक जना सैनिक मारिएको उल्लेख गर्दै युद्ध सुरु भए देखि १८ जना सैनिक र एक जना नागरिकको मृत्यु भएको बताएको छ ।
यसैबीच मङ्गलबार एनएनएले अन्य दक्षिणी लेबनानी सहरहरूमा पनि नजिकै इजरायली आक्रमण भएको रिपोर्ट गरेको छ, भने इजरायली सेनाले पूर्वी लेबनानको बेका उपत्यकाको सोहमोर सहर खाली गर्न आदेश दिएको छ । रासस

# नेपालको शीर्ष चार सम्भावना कठिन बन्दै, स्कटल्यान्डसँग दुई रनले पराजित



काठमाडौं ।
नेपाल आईसीसी क्रिकेट विश्वकप लिग–२ मा स्कटल्यान्डसँग डीएलएस प्रणालीका आधारमा दुई रनले पराजित भएको छ । मंगलबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा स्कटल्यान्डले घरेलु टोलीलाई २४४ रनको लक्ष्य दिएको थियो । तर, दोस्रो इनिङ वर्षाका कारण प्रभावित भएपछि अम्पायरले लक्ष्यलाई २२१ रनमा छोट्याउँदै उक्त लक्ष्य ३९ ओभरमा भेट्टाउन पर्ने घोषणा गरेका थिए । जसमा २२१ रनको लक्ष्य पछ्याएको घरेलु टोली २१८ रनमा समेटिएको हो ।
नेपाललाई सस्तैमा रोक्न स्कटल्यान्डका ब्राड करीले तीन विकेट लिए । मार्क वाटले दुई विकेट लिँदा ओलिभर डेविडसन र ज्याक ग्रेभिसले समान एक विकेट लिए । नेपालका गुल्सन झाले ६१ रनको अर्धशतकीय पारी खेले । अविजित रहेका गुल्सनले ३५ बलमा दुई चौका र पाँच छक्का प्रहार गरे ।
उपकप्तान दीपेन्द्रसिंह ऐरीले ५५ रन बनाउँदै दोस्रो अर्धशतकीय पारी खेले । ऐरीले ४९ बलमा पाँच चौका र एक छक्का प्रहार गरे । उनले कप्तान रोहित पौडेलसँग चौथो विकेटको निम्ति ७६ रनको अर्धशतकीय साझेदारी गरेका थिए । रोहितले ३२ रन बनाए । २५.४ ओभरमा 'स्कुप सट' प्रहार गर्ने क्रममा उनी बोल्ड भएका थिए । ओपनर आशिफ शेखले २१ रन बनाए । करण केसीले १८ र ओपनर विनोद भण्डारीले १० रन बनाए ।
त्यसअघि पहिलो इनिङमा टस जितेर ब्याटिङ रोजेको स्कटल्यान्डले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २४३ रनको योगफल खडा गरेको थियो । स्कटल्यान्डका जर्ज मुन्सीले ७५ रनको अर्धशतकीय इनिङ खेले । उनले ६२ बलमा १२ चौका र दुई छक्का प्रहार गरे ।
फिन्ले म्याककिएथले ३५ र माइकल इंग्लिसले अविजित ३४ रनको योगदान दिँदा माइकल लिस्कले २९, मार्क वाटले २४ र म्याथ्यु क्रसले १८ रन बनाए । पहिलो विकेटका लागि मुन्सी र म्याककिएथले ११४ रनको साझेदारी गरेका थिए ।
सन्दीप लामिछानेले यो शतकीय साझेदारी तोडे । नेपालका सन्दीप लामिछानले सर्वाधिक चार विकेट लिए । १० ओभर बलिङ गरेका उनले एक मेडनसहित ४१ रन खर्चिए । करण केसीले र नन्दन यादवले समान दुई विकेट हात पारे ।
जितसँगै स्कटल्यान्डले तालिकामा ३६ अंक बनाएको छ । तालिकाको दोस्रो स्थानमा रहेको स्कटल्यान्डले २९ खेलमा १५ जित र आठ हारसहित यो नतिजा आत्मसाथ गरेको हो । टोलीको ६ खेल भने रद्द भएको थियो । स्कटल्यान्ड शीर्ष स्थानको अमेरिकासँग समान ३६ अंक बनाए पनि रनरेटको आधारमा पछाडी छ । हारसँगै नेपालको भने शीर्ष चार सम्भावना कठिन बनेको छ । तालिकाको सातौँ स्थानमा रहेको नेपाल २५ खेलमा १८ अंकमा सीमित छ । नेपालले आठ जित र १५ हार व्यहोरेको छ । टोलीको दुई खेल भने रद्द भएको थियो । रासस

# हान्टाभाइरस–प्रभावित क्रूज जहाज नेदरल्याण्डमा अवतरण



**लेबनान ।**
हान्टा भाइरसबाट प्रभावित क्रूज जहाज एमभी होन्डियसमा सवार यात्रु र चालक दलका सदस्य बोकेका दुई वटा उडानहरू मङ्गलबार नेदरल्यान्ड्सको आइन्डहोभेन सन्य एअरपोर्टमा अवतरण गरेको जनाइएको छ । विदेश मन्त्रालयका अनुसार अष्ट्रेलियाली अधिकारीहरूद्वारा सञ्चालित पहिलो उडानमा छ जना यात्रुहरू थिए भने, दोस्रो, उडानले लक्जरी क्रूज जहाजबाट २२ जना चालक दलका सदस्यहरू ल्याएको जनाइएको छ । जसमा एक जना डच नागरिक र अन्य २१ जना अन्य राष्ट्रका नागरिक थिए ।
पहिलो जहाज लगभग रातीको १२ः३० मा अवतरण भएको जनाइउको छ भने यस विमानका छ जना यात्रुहरू अष्ट्रेलिया जाने अपेक्षा गरिएको छ । दोस्रो उडान लगभग १५ मिनेट पछि अवतरण भएको जनाइएको छ ।
सार्वजनिक स्वास्थ्य र वातावरणका लागि डच राष्ट्रिय संस्थानले स्वदेश फर्केका सबै यात्रुहरूको पूर्ण मेडिकल स्क्रिनिङ गरिने बताएको छ भने प्रयोगशाला परीक्षणका लागि विमानस्थलमा सबै आगन्तुकबाट नमूना सङ्कलन गरिनेछ । तुरुन्तै घर फर्कन नसक्ने अवस्थामा रहेका चालक दलका सदस्य र विदेशी यात्रुहरूका लागि होटलको व्यवस्था गरिएको एजेन्सीले जनाएको छ । यसैबीच, एमभी होन्डियसको डच अपरेटर ओसनवाइड एक्सपिडिशनले विज्ञप्ति जारी गर्दै जहाज स्पेनको टेनेरिफ टापुबाट नेदरल्यान्ड्सको रोटरडाम तर्फको यात्रा गरिरहेको जनाइएको छ । जहाजले यात्रा पूरा गर्न लगभग छ दिन लाग्ने अपेक्षा गरिएकोछ भने आइतबारका लागि अस्थायी आगमन निर्धारित गरिएकोछ । रासस

# निःशुल्क वाटर बुथमा राखिएको पानीको दुरुपयोग निगरानी

**काठमाडौँ ।**
निःशुल्क ‘वाटर बुथ’मा राखिएको पानीको दुरुपयोग रोक्न काठमाडौँ महानगरपालिकाले निगरानी बढाएको छ । काठमाडौँका विभिन्न आठ ठाउँमा निःशुल्क रूपमा पिउनका लागि राखेको छ । बुथबाट पिउनका लागि मात्र पानी लिन कामपाले प्रयोगकर्तालाई आग्रह गरेको हो ।




पिउनका लागि मात्रै नभई अन्य प्रयोजनका लागि पनि पानी प्रयोग गरेको भेटेपछि कामपाले निगरानी बढाएको कामपा सार्वजनिक निजी साझेदारी एकाइका सहायक निर्देशक नरेन्द्रमान बज्राचार्यले बताए । उनका अनुसार कामपाले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्यमा पछिल्लो समय आठ वटा निःशुल्क वाटर एटिएम बुथ सञ्चालनमा ल्याएको छ ।

निर्माणपछि प्रयोग परीक्षण गरेपछि यही वैशाख ५ गते यी बुथको औपचारिक शुभारम्भ गरिएको बज्राचार्यले जानकारी दिए । आठ वटा बुथको निर्माण लागत दुई करोड ६० लाख रहेको कामपाले जनाएको छ । उनका अनुसार बुथबाट राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ अनुसार गुणस्तरीय स्तरको पिउने पानी निःशुल्क उपलब्ध हुन्छ ।

नेपाली मौलिक शैलीमा निर्माण गरिएका बुथमा तीन हजार लिटर पानी भण्डारण क्षमता छ । काठमाडौँको खुला मञ्च, महाबौद्ध, दरबार हाइस्कुलको कम्पाउण्ड (जमलबाट कमलाछी जाने सडक), राष्ट्रियसभा गृह, प्रदर्शनी मार्ग, वडा नं १७ लिङ्क रोड ढल्को चोक, वडा नं ५ नरःदे (हाँडीगाउँ), वडा नं २६ परिसर र वडा नं ३१ परिसरमा यो प्रणाली जडान भएका छन् ।

बुथमा आधुनिक फिल्टर प्रणाली जडान गरिएको कामपा सार्वजनिक निजी साझेदारी एकाइका सहायक निर्देशक बज्राचार्यले जानकारी दिए । पानीको स्वच्छता नियमित रूपमा परीक्षण गर्ने गरिएको छ ।

यसमा २४सै घण्टा पानी उपलब्ध हुन्छ । यसको उपयोग र संरक्षण निगरानीका लागि सिसीटिभी क्यामरा जडान गरिएको उनले बताए ।

बुथलाई मौलिक जरुहिटीको परिवर्तित स्वरुप मान्न सकिन्छ । काठमाडौँवासीका घरमा पानीको धारा नजोडिएका समयमा हिटीमा पानी लिन जान्थे ।

यसरी पानी ल्याउन गाग्रीसँगै एउटा सानो लोटा वा अम्खोरा पनि हुन्थ्यो । हिटीबाट पानी भरेर फर्किंदा अम्खोरामा भएको पानी बाटोमा बनाइएको पानी सङ्कलन गर्ने ठाउँमा राखिन्थ्यो । टोलभरिका सबैले अलिअलि गरेर जम्मा गरेको त्यो पानी बटुवाको तिर्खा मेटाउनका लागि प्रयोग हुन्थ्यो उनले भने ।

पहिलेजस्तो अहिले हिटीमा गएर पानी ल्याउनु नपर्दै भएपछि जरुहिटी पनि सुक्दै गएको निर्देशक बज्राचार्यको बुझाइ छ । यसरी सुक्दै गएका जरुहिटीले बटुवालाई दिने सेवा प्रदान गर्न निःशुल्क वाटर एटिएम बुथ बनाइएको उनले बताए । रासस

# सञ्चार सुविधा अवरुद्ध हुँदा सेवा प्रवाहमा समस्या



**म्याग्दी ।**
जिल्लाको धवलागिरि गाउँपालिकाको केन्द्र मुनामा सञ्चार सेवा अवरुद्ध हुँदा सेवा प्रवाहमा समस्या उत्पन्न भएको छ । धवलागिरि–४ मुदीमा रहेको दुरसञ्चार सेवा प्रदायक नेपाल टेलिकमको टावरमा विद्युत् आपूर्ति नहुँदा मुना, मुदी र लुलाङमा सञ्चार सेवा प्रभावित भएको हो ।

मुनाका बासिन्दा नमिता पुनले यही वैशाख २२ गतेदेखि टावरमा देखिएको समस्या समाधान गर्न ढिलाइ हुँदा स्थानीयलाई सूचना आदानप्रदान गर्न असहज हुनुका साथै गाउँपालिकाको सेवामा पनि असर परेको गुनासो गरे ।

प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले टेलिकमको टावरमा देखिएको समस्याका कारण इन्टरनेट राम्रोसँग नचलेर योजना तथा आपूर्तिकर्ता र सेवाप्रदायकलाई भुक्तानी गर्न, सूचना आदानप्रदान गर्न समस्या भएको बताए ।

वैशाख २२ गते परेको चट्याङका कारण मुदीको डाँडामा रहेको टेलिकमको टावरमा विद्युत् आपूर्ति अवरुद्ध भएको हो ।

टावरको वैकल्पिक विद्युत् आपूर्ति गर्ने ‘ब्याकअप’मा पनि चट्याङ्ले क्षति पु¥याएको धवलागिरिका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिए ।

अध्यक्ष पुनले समस्या भएकै दिनदेखि समाधानका लागि नेपाल टेलिकम र नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरिरहेको बताए । प्राविधिक टोलीले समस्या पहिचान गर्न ढिलाइ गरेको भन्दै उनले थप पहलका लागि सरोकार भएका निकायलाई ताकेता गरिरहेको बताए । रासस

# मापसे गरि सरकारी गाडी दुर्घटना गराएका मेयरले ३५ हजार क्षतिपूर्ति तिर्नुपर्ने

**काठमाडौं ।**
मादक पदार्थ सेवन गरेर सरकारी गाडी चलाएका कैलालीस्थित गोदावरी नगरपालिकाका मेयर बिरेन्द्र भट्टलाई धनगढी उपमहानगरपालिकाले ३५ हजार क्षतिपूर्ति तिराउने भएको छ । शनिबार राति मापसे गरेर उनले चलाएको सुपप्र ०१००१ झ ६०१ नम्बरको गाडी मोहनापुल–अत्तरिया ६ लेन सडकखण्डको गेटामा दुर्घटना भएको थियो ।



दुर्घटनामा परेको गाडीले सडक छेउमा लगाइएको रेलिङमा क्षति पुगाएपछि उपमहानगरपालिकाले सो वाफतको रकम मेयर भट्टलाई दण्ड तिराउने भएको हो । धनगढी उपमहानगरपालिकाका प्राविधिकले गाडीले गरेको क्षतिको मूल्यांकन गर्दै मर्मत सम्भार गर्न ३५ हजार लाग्ने स्टमेट निकालेका छन् ।

उक्त रकम नगदी रसिद काटेर मेयर भट्टबाट बुझेर ल्याउन उपमहानगरपालिकाले कैलाली गाउँस्थित प्रहरी चौकीमा नगर प्रहरीलाई पठाएको थियो । तर, वारेस पठाएका मेयर भट्टले आफूले नै मर्मत सम्भार गर्ने प्रतिबद्धता गरेको उपमहानगरपालिकाले जनाएको छ । धनगढी उपमहानगरपालिकाले नगर क्षेत्रमा सार्वजनिक सम्पत्तीमा क्षति गराउने व्यक्ति स्वयंमबाट क्षति वाफतको रकम लिने तथा मर्मत सम्भार गराउदै आएको छ ।

मदिरा सेवन गरेर लठ्ठ भएका मेयर भट्टले आफैले चलाएको गाडी शनिबार राति दुर्घटनाग्रस्त अवस्थामा भेटिएपछि स्थानीयले उनलाई नियन्त्रणमा लिएर प्रहरीलाई खबर गरेका थिए । यसअघि ट्राफिक प्रहरी कार्यालय कैलालीले गरेको परिक्षणमा मेयर भट्टले मापसे गरेको पुष्टि भएपछि पाँच सय रुपैयाँ र लापरबाहीपूर्वक सवारी चलाएको भन्दै थप पाँच सय रुपैयाँ जरिवाना तिराएको छ ।

प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसपी प्रेम शाहीका अनुसार आफन्तमार्फत जरिवाना रकम बुझाइएपछि नियन्त्रणमा रहेको गाडी कागज गरेर छाडिएको छ । दुर्घटनामा मेयर सकुशल छन् भने गाडीको अगाडिको भागमा क्षति पुगेको छ ।

# पुल निर्माणमा ढिलासुस्ती भएपछि सम्झौता तोडियो



**तनहुँ ।**
तराई र पहाडी क्षेत्र जोड्ने वैकल्पिक मार्गको रुपमा रहेको पोखरा–नारायणगढ सडक बुद्धसिंह मार्गअन्तर्गत घुमाउनेस्थित त्रिशूली नदीमा निर्माणाधीन मोटरेबल पुलको ठेक्का सम्झौता अन्त्य गरिएको छ ।

निर्माण सुरु भएको १२ वर्षपछि काम सम्पन्न नभएको र निर्माण व्यवसायीले पटक–पटकको निर्देशन अटेर गरेपछि सडक डिभिजन कार्यालय दमौलीले आज सार्वजनिक सूचना जारी गर्दै ठेक्का अन्त्य गरेको हो ।

तनहुँको आँबुखैरेनी गाउँपालिका–५ र चितवनको भरतपुर महानगरपालिका–२९ स्थित घुमाउने पुल बनाउन सडक डिभिजन कार्यालयले निर्माण कम्पनी ‘मृत सञ्जीवनी निर्माण सेवा’सँगको सम्झौता अन्त्य गर्दै प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको सूचनामा जनाइएको छ । कार्यालयले गत चैत १७ गते संशोधित ‘डिजाइन’ स्वीकृत भइसकेको जनाउँदै १५ दिनभित्र काम सुरु गर्न अन्तिम मौका दिएको थियो । तर, उक्त निर्देशनपछि पनि सम्पर्कमा नआएको र कुनै प्रगति नदेखिएपछि सम्झौतामा उल्लेखित निर्देशन ‘गम्भीर उल्लङ्घन’ को प्रावधानअनुसार ठेक्का तोडिएको सडक डिभिजन प्रमुख राजीव श्रेष्ठले जानकारी दिए ।

पुल निर्माणमा भएको चरम ढिलासुस्तीका कारण स्थानीयवासी लामो समयदेखि आन्दोलित हुँदै आएका थिए । पुल निर्माण सङ्घर्ष समितिका संयोजक सिद्धान्त गर्जा मगरले निर्माण कम्पनीले जनताको भावनासँग खेलबाड गरेको बताए । विसं २०७० असारमा रु १० करोड २१ लाख ८६ हजार लागतमा सम्झौता भएको १०५ मिटर लामो उक्त पुलको हालसम्मको भौतिक प्रगति केवल ३६ प्रतिशत मात्र रहेको छ ।

यस पुल निर्माण सम्पन्न भएमा दमौलीबाट चितवन पुग्न हालको मुग्लिन–डुम्रे सडकभन्दा करिब २५ किलोमिटर दूरी छोटो पर्नेछ । पुल नबनेका कारण यस क्षेत्रका छ÷सात वटा साना बस तथा जीप घुमाउनेघाटसम्म मात्रै चल्न बाध्य छन् । यात्रु झोलुङ्गे पुल प्रयोग गरी मुग्लिन–नारायणगढ सडकखण्डसम्म पुग्ने गरेका छन् भने दुई पाङ्ग्रे सवारीसाधन पुलबाट डो¥याउँदै सडकखण्डमा जोडिन्छन् ।

सडक डिभिजन कार्यालयले जारी गरेको सूचनामा निर्माण व्यवसायीलाई अविलम्ब निर्माणस्थल खाली गर्न तथा बाँकी भुक्तानी भए १५ दिनभित्र हिसाब मिलान (वित्तीय फरफारक) गर्न निर्देशन दिइएको छ । ठेक्का रद्द भएसँगै अब नयाँ बोलपत्र आह्वान गरी पुल निर्माणको बाँकी काम अघि बढाउने बाटो खुलेको छ । निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने प्रक्रियासमेत अघि बढाइएको डिभिजन प्रमुख श्रेष्ठले जानकारी दिए । रासस

# एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा

**महेन्द्रनगर ।**
सुदूरपश्चिम प्रदेशका दुई वटा पालिकाका एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएका छन् । क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत एसियाली विकास बैंक (एडीबी) को सहयोगमा कञ्चनपुर र कैलालीमा गरी तीन पालिकामा फोहरमैला व्यवस्थापन केन्द्रको काम अघि बढेको थियो ।



कैलालीको अत्तरीया र कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेका छन् । सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका प्रमुख तुलसीराम खर्वुजाले कैलालीको धनगढी उप महानगरपालिकामा रहेको फोहोमैला व्यवस्थापन केन्द्र शीघ्र सञ्चालनमा आउने दाबी गरे ।

तोकिएको समयमै निर्माण सम्पन्न भए पनि धनगढी उप महानगरपालिका–७ पटेलामा बनिरहेको फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण निर्माण पक्षले समयमै सम्पन्न गरेपनि सञ्चालनमा आउन सकेको छैन् ।

थप गरेर रु एक अर्ब नौ करोड लगात अनुमान रहेको उक्त व्यवस्थापन केन्द्रको ‘भिओ’ (भेरियसन अर्डर) प्रक्रियामा रहेकाले सञ्चालनमा ढिलाइ हुन गएको हो । भिओको लागि माथिल्लो निकायमा पेस गरेका छौँ ।

सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका प्रमुख खर्वुजाले भने, फोहरमैला व्यवस्थापनका लागि आवश्यक सवारीसाधन र ‘स्टिमेट’मा नभएको विषयको निर्माणमा पालिकाले माग गरेपछि ‘भेरियसन अर्डर’ अघि बढाइएको हो ।

धनगढीको फोहरमैला व्यवस्थापन केन्द्रमा ३० वर्षसम्म धनगढीको फोहर व्यवस्थापन गर्न सकिने छ ।

चीनको सिचुवान प्रोभिन्स जियोलोजिकल इन्जिनियरिङ कम्प्लेक्सले ठेक्का पाएर निर्माणको काम तोकिएकै अवधीमा सकेको हो । तर ‘भिओ’का कारण निर्माण पक्षले अहिले काम गर्न पाएको छैन ।

सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका अनुसार कैलालीको अत्तरियामा करिब १० महिना र शुक्लाफाँटा नगरपालिकामा गत भदौ महिनादेखि फोहरमैलला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेका छन् । तीन वर्षसम्म व्यवस्गापन केन्द्र निर्माण कम्पनी आफैले सञ्चालन गर्नुपर्ने हुन्छ, उनले भने, त्यसपछि सम्बन्धित पालिकालाई हस्तान्तरण हुन्छ ।

सुदूरपश्चिममा एडिबीले चार वटा पालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि छनौट गरेको भएपनि कञ्चनपुरको भीमदत्त नगरपालिकाले त्यसका लागि जग्गा उपलब्ध गराउन सकेन । धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा फोहरमैला व्यवस्थापन केन्द्र बनेका छन् ।

सञ्चालनमा आएका फोहरमैला व्यवस्थापन केन्द्रमा पुनः प्रयोग हुने, कुहिने र प्रयोगविहीन (नकुहिने न बिक्री हुने) गरेर तीन तरिकाले फोहर छुट्टयाएर व्यवस्थापन गरिँदै छ ।

शुक्लाफाँटा नगरपालिकामा फोहरमैला रु ३० करोड २५ लाख लगानीमा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो । शुक्लाफाँटा नगरपालिका–११ श्रीकृष्ण सामुदायिक वन क्षेत्र (वनहरा खोलाको पश्चिम किनार)मा फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएको शुक्लाफाँटा नगरपालिकाले जनाएको छ ।

शुक्लाफाँटा नगरपालिका कार्यालयका इन्जिनियर लोकेन्द्र भट्टले फोहरमैला व्यवस्थापन केन्द्रको काम प्रभावकारी रुपमा भइरहेको बताए । सबै वडामा फोहर राख्ने कन्टेनरहरु राखेको छ, उनले भने, सहरी वडाहरुमा प्रत्येक दिन फोहर सङ्कलन गरेर व्यवस्थापन केन्द्रमा लैजाने काम भएको छ ।

फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आए पनि शुक्लाफाँटा नगरपालिका सरसफाइमा जोड लिइएको उनको भनाइ छ । रासस

# विपन्न बालबालिकालाई कपडा वितरण

**बागलुङ ।**
बागलुङको निसीखोला गाउँपालिकाका दुई हजार ९१३ विपन्न बालबालिकालाई कपडा वितरण गरिएको छ । ‘स्लिपिङ चिल्ड्रेन अराउन्ड द वल्र्ड क्यानडियन’ संस्थाको सहयोगमा रोटरी क्लब अफ हिमालयन ग्लोफोर्स काठमाडौँले दुई करोड ३४ लाख रुपैयाँबराबरको लत्ताकपडा वितरण गरेको हो । गाउँपालिकाभित्रका ४५ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ६ देखि १२ वर्ष उमेरका बालबालिकालाई म्याट सेट, झुल, झोला, सिरक, ट्र्याकसुटलगायत सामग्री उपलब्ध गराएको रोटरी क्लब अफ हिमालयन ग्लोफोर्सका अध्यक्ष भाइराजा पाण्डेले जानकारी दिए । दूरदराजका बालबालिकाको पढाइलाई सहजता बनाउन कपडा वितरण गरिएको उनको भनाइ छ ।

पाण्डेले भने, हामीले विकटमा रहेका विपन्न बालबालिकाका लागि विगतदेखि सहयोग गर्दै आएका छौँ, यसपटक निसीखोला गाउँपालिकाका बालबालिकालाई कपडालगायतका सामान वितरण गरेका हौँ, आगामी दिनमा पनि अरु क्षेत्रमा वितरण गर्ने हाम्रो योजना छ । निसीखोला गाउँपालिका–५ स्थित ज्ञानेन्द्र माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमराज सापकोटाले सो संस्थाको यो सहयोगले यस क्षेत्रका बालबालिकालाई पढाइप्रति रुचि बढाउने बताए । आर्थिक अभावमा निसीखोला क्षेत्रमा धेरै बालबालिकाले विद्यालय पोसाक किनेर लगाउन नसक्ने अवस्था रहेकाले संस्थाको सहयोगले ठूलो राहत मिलेको सापकोटाले बताए । रासस

# आगामी आवको बजेटमा यस्ता छन् अर्थमन्त्रीका प्राथमिकता




**काठमाडौँ ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निर्वाचनको समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले व्यक्त गरेका वाचापत्र, शासकीय सुधार र सरकारको नीति तथा कार्यक्रममा केन्द्रित रहेर आगामी आर्थिक वर्षको बजेट तय हुने बताएका छन् ।

सङ्घीय संसद् प्रतिनिधिसभाको अर्थसमितिको आजको बैठकमा उनले आगामी आवको बजेट कार्यान्वयनका लागि स्रोत व्यवस्थापन सबैभन्दा ठूलो चुनौती भए पनि सरकारले आवश्यक प्रबन्ध गर्ने विश्वास दिलाए ।

उनले राजस्व चुहावट नियन्त्रणका लागि निर्मम भएर लाग्ने उल्लेख गरे । स्वदेशी उत्पादनलाई समस्यामा पार्नेगरी अवैध तस्करी नियन्त्रणमा लागि सरकार निर्मम भएर लाग्ने स्पष्ट पार्दै आम जनताको दैनिक जीविकोपार्जनका लागि हदैसम्मको लचक हुने बताए ।

अर्थमन्त्रीले सरकारको नियमित दायित्व मात्रै करिब १३ खर्ब ३० अर्ब रुपैयाँ रहेको, करिब सात खर्ब रुपैयाँ अपुग हुने तथ्य पेस गरे । उनले सिर्जनशील कार्यक्रमका लागि आफूले स्रोत जुटाउने विश्वास दिलाउँदै चुनौतीलाई अवसरका रूपमा बदल्ने बताए ।

अर्थ मन्त्रालयले यसअघि नै मन्त्रालयहरूलाई बजेटको 'सिलिङ' तोकेर पठाइसकेको जानकारी दिँदै उनले त्यस आधारमा नै सम्बन्धित मन्त्रालयमार्फत समावेश गर्न सकिने विषय भए मन्त्रालयले सम्बोधन गर्ने स्पष्ट पारे ।

अर्थमन्त्रीले नियमित स्रोतबाट मुलुकको आवश्यकतालाई सम्बोधन गर्न नसकिने भएकाले सरकारले 'वैकल्पिक वित्तसम्बन्धी विधेयक' तत्काल अगाडि बढाउन लागिएको जानकारी दिए । उनले विधेयकलाई थप समृद्ध बनाउन सबैको सार्थक सहयोग जरुरी रहेको आवश्यकता औँल्याए ।

पाँच वटा 'थिम'मा आगामी बजेट

अर्थमन्त्री वाग्लेले पाँच वटा 'थिम'मा आगामी आर्थिक वर्षको बजेट आउने जानकारी दिए । उनले वर्तमान सरकार गठन भएपछि अगाडि बढाइएको सुशासनको लाभांश वितरण गर्ने तरिकाले बजेट विनियोजन गर्ने विश्वास दिलाए ।

यस्तै, उनले अर्थतन्त्रको पुनः संरचना गर्नेगरी बजेट आउने उल्लेख गरे । त्यस्तै, सम्पर्क सञ्जालको विस्तार एवम् सहरी विकास, भौतिक पूर्वाधार, ऊर्जा, सिँचाइ, खानेपानी सडकजस्ता 'डिजिटल' नेटवर्कका लागि ठूलो लगानी गरिने जानकारी गराए ।

अर्थमन्त्रीले निजी क्षेत्रलाई पनि सडक पूर्वाधार निर्माणमा सहभागी गराउने योजना सरकारको रहेको उल्लेख गरे । नेपालको सौम्य शक्तिको विस्तारमार्फत संस्कृति, पर्यटन र परराष्ट्र सम्बन्धको थप प्रवद्र्धन गर्ने, डायोस्परालाई आर्थिक विकासमा सहभागी गराउने गरी उक्त स्रोतको परिचालन गर्ने उनको कथन छ ।

उनले आगामी आवको बजेटमा सरकारको नीति तथा कार्यक्रम, शासकीय सुधार र सरकारको वाचापत्रलाई समेटिने दोहोर्‍याए । बजेटका प्राथमिकता तथा सिद्धान्तमार्फत सुधारमुखी 'एजेन्डा' अघि सारिने अर्थमन्त्रीको भनाइ छ ।

त्यस्तै, विप्रेषणमा आधारित अर्थतन्त्रलाई क्रमशः उत्पादनमा आधारित बनाउने र सामाजिक उन्नयन तथा मध्यम वर्गको विस्तारमा जोड दिइने उनले बताए ।

उनले आफूले अर्थमन्त्रालय सम्हालेदेखि साना–ठूला गरी ३०० भन्दा बढी काम भइसकेको समितिलाई जानकारी दिए । उनले यही वैशाख ३१ गते संसद्मा बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत हुने जानकारी गराए । सांसदहरूले संसद्मा दिनुहुने सुझावलाई समेत बजेटमा समावेश गरिने उल्लेख गरे ।

सीमा क्षेत्रमा हुने तस्करी निर्मम भएर नियन्त्रण गरिने अर्थमन्त्री डा वाग्लेको भनाइ छ । सीमा क्षेत्रमा बसोबास गर्ने आम नागरिकलाई दैनिक उपभोगका सामग्री खरिदमा सहजीकरण गर्ने तर सङ्गठित तस्करी र राजस्व चुहावट नियन्त्रणमा भने कडा रूपमा प्रस्तुत हुने उनले स्पष्ट पारे ।

एक सय रुपैयाँभन्दा बढी मूल्यका वस्तुमा भन्सार लाग्ने व्यवस्था वर्तमान सरकारले ल्याएको नभई दशकौँदेखि कायम रहेको नीति भएको र चालु आवको बजेटमा व्यवस्था रहेको जानकारी दिए । एकै दिनमा पटक–पटक सीमा वारपार गरेर नेपाली बजार र गोदाममा सामान भित्र्याई स्वदेशी उत्पादनलाई क्षति गर्ने गिरोहविरुद्ध विशेष अभियान सञ्चालन गरिने उनको भनाइ छ ।

सीमा सुरक्षालाई प्रविधिमैत्री बनाउन सरकारले सीमा क्षेत्रमा क्यामेरा, अनुहार पहिचान गर्ने यन्त्र, नाइट भिजन उपकरण र कृत्रिम बुद्धिमत्ता (एआई) मा आधारित निगरानी प्रणाली प्रयोग गर्ने योजना अघि सारिएको उनको कथन छ ।

'धितोपत्रप्रति उदार नीति'

अर्थमन्त्री डा. वाग्लेले धितोपत्र बजारको विकासका लागि सरकारले उदार नीति अगाडि सारेको जानकारी दिए । उनले राष्ट्रपतिले सोमबार प्रस्तुत गरेको नीति तथा कार्यक्रममा स्टक मार्केट, पुँजी बजारबारे एकदमै उदार नीतिहरू घोषणा गरिएको उल्लेख गरे । उनले त्यसलाई बजेटमा थप आकार दिइने स्पष्ट पारे ।

अर्थमन्त्री डा. वाग्लेले केही सीमित समूहले पुँजी बजारमा चलखेल गरेर 'इन्साइडर ट्रेडिङ' गरी जनताको ठूलो रकम दुरूपयोग गरिएको यथार्थता पेस गरे । उनले त्यस्ता समूहले आर्थिक लाभ मात्र नभई राजनीतिक संस्थामाथि समेत प्रभाव जमाएको दाबी गरे । अर्थमन्त्री वाग्लेले स्टक एक्सचेन्जको पुनः संरचनाका लागि गठन गरिएको एउटा समितिले प्रतिवेदन दिएको जानकारी दिँदै त्यसलाई क्रमशः कार्यान्वयनमा लगिने बताए । उनले जेनजी आन्दोलनले मुलुकलाई गलत दिशामा जानबाट जोगाएको र हाल सुशासनलाई ठूलो प्राथमिकताका साथ अगाडि बढाइएको उल्लेख गरे ।

सांसदहरू ध्रुव्र राई, परशुराम तामाङ, भरत गिरीलगायतले आगामी आर्थिक वर्षको बजेटका बारेमा सुझाव दिएका थिए ।

# अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तीकरणका लागि 'आशा' परियोजना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक अवस्था सुधार गर्ने उद्देश्यसहित 'आशा' समावेशी जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण परियोजना सुरु गरिएको छ ।

लाइफ नेपालद्वारा सञ्चालन गरिएको उक्त परियोजनाको मंगलबार जनकपुरधाममा मधेश प्रदेशका सभामुख रामअशिष यादवले उद्घाटन गरेका हुन् । परियोजना सिविएम ग्लोबल फण्ड र अष्ट्रेलियन एडको आर्थिक सहयोगमा सञ्चालन गरिएको हो ।

उद्घाटन कार्यक्रममा सभामुख यादवले अपाङ्गता भएका व्यक्तिको जीवनस्तर सुधारका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहेको बताए । राज्यले गर्नुपर्ने काममा अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोग सकारात्मक रहेको उल्लेख गर्दै उनले परियोजनालाई सफल बनाउन स्थानीय तहको सक्रिय सहभागिता अपरिहार्य रहेको धारणा राखे ।

उनले सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायलाई लक्षित गरी ल्याइएको 'आशा' परियोजनाले अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भरता बढाउनुका साथै सम्मानजनक जीवनयापनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा भोगेन्द्र मिश्रले अपाङ्गता भएका व्यक्तिको गरिबी न्यूनीकरण र जीविकोपार्जन सुधार राष्ट्रिय चुनौतीका रूपमा रहेको उल्लेख गरे । उनले परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारको साझा जिम्मेवारी रहने बताए ।

सिविएम ग्लोबल फण्डका कन्ट्री डाइरेक्टर राजन भट्टराईले परियोजनामार्फत अपाङ्गता भएका व्यक्तिको सामाजिक सहभागिता र आर्थिक अवस्था सुधार हुने विश्वास व्यक्त गरे ।

लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा परियोजनाका कार्यक्रम संयोजक पूजा शर्माले परियोजनाको उद्देश्य, कार्ययोजना तथा लक्षित कार्यक्रमबारे जानकारी गराएकी थिइन् ।

चार वर्षसम्म सञ्चालन हुने परियोजना धनुषाको मिथिला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, हंसपुर नगरपालिका तथा लक्ष्मीनिया गाउँपालिकाका ३८ वडामा कार्यान्वयन गरिने जनाइएको छ । परियोजनाबाट प्रत्यक्ष रूपमा करिब तीन हजार तथा अप्रत्यक्ष रूपमा १० हजारभन्दा बढी व्यक्ति लाभान्वित हुने अपेक्षा गरिएको छ ।

परियोजनाले सामाजिक तथा स्वास्थ्य सुरक्षा, समावेशी सुशासन, जलवायु उत्थानशील कृषि, आर्थिक सशक्तीकरण तथा संस्थागत विकासका क्षेत्रमा काम गर्ने जनाएको छ ।

# बस दुर्घटनामा चार जनाको मृत्यु, सत्ताइस जना घाइते

**अर्घाखाँची ।**
पाणिनी गाउँपालिकाको दुर्गाफाँट कुरुलेमा भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या चार पुगेको छ भने २७ जना घाइते भएका छन् ।

सन्धिखर्क घुम्ती तानसेन पाल्पा सडकखण्डअन्तर्गत पाणिनी ८ को कुरुलेफाट नजिक दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै, एक जनाको उपचारका क्रममा अर्घाखाँची अस्पताल र चालकको लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायव उपरीक्षक दिवसबहादुर जिसीले बताए ।

घटनामा मृत्यु हुनेमा कास्कीको पोखरा महानगरपालिका–१९ बस्ने ७८ वर्षीया राममाया बस्नेत, ७८ वर्षीया विन्दु कुँवर, पर्वत जिल्लाको मोदी गाउँपालिका–५ की ५० वर्षीया कौशिला रेग्मी र मोदी गाउँपालिका–५ का बसचालक ४५ वर्षीय रमेश जिसी रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी झलक शर्माले जानकारी दिए ।

घाइतेमध्ये चार जनाको अवस्था गम्भीर रहेको छ भने घाइतेहरूको लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पा र भैरहवा मेडिकल कलेजमा उपचार भइरहेको छ । अर्घाखाँची अस्पतालका घाइते पनि उपचारका लागि भैरहवा मेडिकल कलेज पठइएको छ । घटनामा अधिकांश मोदी गाउँपालिका पर्वतका मानिसहरू परेको प्रहरीको भनाइ छ । सुपा देउराली दर्शन गरी पर्वत फर्किदै गरेको पर्वतको ध१ख ५०४ नम्बरको गाडी दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख जिसीले जानकारी दिए ।

प्रारम्भिक जानकारीअनुसार गाडीको 'ब्रेक फेल' भएर दुर्घटना भएको र बस सडकबाट जङ्गलमा लगभग १ सय मिटर तल खसेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



घटनास्थलमा प्रमुख जिसीको कमान्डमा खटिएको प्रहरीको टोली र स्थानीयले उद्धार गरेको पाणिनी गाउँपालिकाका पूर्वअध्यक्ष अच्युत गौतमले जानकारी दिए ।

करेन्ट लागेर बस चालकको मृत्यु

करेन्ट लागेर दाङमा बस चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा बबई गाउँपालिका–७ मलई निवासी ४१ वर्षीय पूर्णबहादुर वली रहेका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी नायब उपरीक्षक रेशम बोहराले जानकारी दिए ।

उनका अनुसार मंगलबार दिउँसो बबई गाउँपालिका–७ पातिहाल्नास्थित भित्री सडकखण्डमा मलईबाट तुलसीपुरतर्फ आउँदै गरेको रा१ख २१९८ नम्बरको बसको टायर पन्चर भएको थियो । टायर फेर्ने क्रममा बसको छतमा चढेका चालक वलीलाई करेन्ट लागेको हो ।

करेन्ट लागेर गम्भीर घाइते भएपछि उनलाई उपचारका लागि राप्ती प्रादेशिक अस्पताल तुलसीपुर लगिएकामा चिकित्सकले मृत घोषणा गरेका प्रहरी नायब उपरीक्षक बोहराले बताए ।

**ढुङ्गा लागेर वडा सदस्यको मृत्यु**

बाजुराको बूढीगङ्गा नगरपालिकामा भिरबाट खसेको ढुङ्गा लागेर वडा सदस्यको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोही नगरपालिका–३ ताँप्राकी ३७ वर्षीया कल्पनादेवी थापा रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक नरेशबहादुर शाहीले जानकारी दिए ।

मंगलबार दिउँसो फालासैनबाट घर फर्किने क्रममा गुइगाड खोलाको पुल नजिकै भिरबाट खसेको ढुङ्गा लागेर उहाँको घटनास्थलमा नै मृत्यु भएको हो । स्थानीयले खबर गरेपछि बार्जुगाड प्रहरी चौकीबाट खटिएको टोलीले थापालाई मृतावस्थामा फेला पारेको प्रवक्ता शाहीले बताए । थापा विसं २०७९ को स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)बाट निर्वाचित हुन् ।

रूखले च्यापेर एकको मृत्यु

यस्तै, हिमाली गाउँपालिकामा रूखले च्यापेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही गाउँपालिका–५ क्युडीकी ५० वर्षीया बेलकला बुढा रहेको वडा नं ४ का अध्यक्ष भिमानन्द पाण्डेले जानकारी दिए । गाउँ नजिकैको जङ्गलमा बाख्रा चराउन गएका बेला हुरीका कारण ढलेको रूखले च्यापिएर मंगलबार दिउँसो उनको घटनास्थलमा नै मृत्यु भएको हो ।

# पशुपति क्षेत्र विकास कोषले गौशाला धर्मशाला आफैँले सञ्चालन गर्ने

काठमाडौँ ।
पशुपति क्षेत्र विकास कोषले एक महिनाभित्र पशुपति गौशाला धर्मशालालाई आफैँले सञ्चालन गर्ने गरी तयारी सुरु गरेको छ ।

उच्च अदालत पाटनले काठमाडौँ जिल्ला अदालतको फैसला सदर गर्ने आदेशपछि कोषले नै धर्मशाला सञ्चालन गर्ने तयारी गरेको कोषका निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले जानकारी दिए । उच्च अदालतले यही वैशाख २१ गते जिल्ला अदालत काठमाडौँको फैसला सदर गर्दै धर्मशाला कोषअन्तर्गत रहने फैसला गरेको थियो । फैसलासँगै मारवाडी सेवा समितिले व्यापार– व्यवसाय सञ्चालन गरिरहेको धर्मशाला खाली गराउने प्रक्रिया सुरु भएको जोशीले बताए ।

यसअघि, जिल्ला अदालत काठमाडौँले साढे दुई दशकदेखि समितिले प्रयोग गरिरहेको साबिक पशुपति वडा नं २ को कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गामा समितिको मोही हक नलाग्ने ठहर गरेको थियो । यसैलाई उच्च अदालत पाटनले सदर गरेको हो ।

उच्च अदालतका न्यायाधीशद्वय खड्गबहादुर केसी र रमेशप्रसाद ज्ञवालीको इजलासले उक्त फैसला सदर गर्दै 'पशुपति क्षेत्र विकासको स्वामित्वको पशुपति गौशाला धर्मशालाको सम्पूर्ण जग्गा जमिनमा समितिको मोहियानी हक नलाग्ने' फैसला गरेको हो ।

धर्मशाला सञ्चालक समितिका महासचिव राजेश अग्रवालले भने कोषबाट हालसम्म आधिकारिक पत्र प्राप्त नभएको बताउँछन् । अदालतको पूर्ण पाठ आएपछि फैसलाअनुसार नै अघि बढ्ने उनले जानकारी दिए ।

# सशस्त्र प्रहरी निरीक्षकविरुद्ध भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौँमा मंगलबार भ्रष्टाचार मुद्दामा आरोपपत्र दायर गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश नक्टाझिज, धनुषामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीविरुद्ध ४० हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको छ । कमला–ढल्केवर–बाग्मती सडक निर्माण खण्डअन्तर्गत माटो तथा ग्राभेल फिलिङ्ग कार्यमा प्रयोग हुने सवारी साधनहरू रोक्ने तथा फिल्डमा माटो र ग्राभेल झार्न नदिई विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस माग गरेको पुष्टि भएको आयोगले जनाएको छ ।

अख्तियारको बर्दिवास कार्यालयबाट खटिएको टोलीले अधिकारीलाई ४० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो बमोजिम जरिवाना र कैद सजाय मागदाबी गरिएको छ ।

# नेशनल मेडिकल कलेजमा मनाइयो अन्तर्राष्ट्रिय नर्सिङ दिवस



**मधेशदृष्टि**
**वीरगंज ।**
२०६औँ अन्तर्राष्ट्रिय नर्सिङ दिवसको अवसरमा नेशनल मेडिकल कलेजद्वारा आयोजित विशेष कार्यक्रम भएको छ ।

'हाम्रा नर्स, हाम्रो भविष्य–सशक्त नर्सहरूले जीवनको सेवा गर्छन्' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रमको अध्यक्षता नर्सिङ निर्देशक प्रा. गंगा गुरुङले गरेका थिए भने प्रमुख अतिथि कलेजका अध्यक्ष प्रा.डा. जैनुदिन अन्सारी थिए । अतिथिका रूपमा प्रबन्ध निर्देशक शहनवाज अन्सारी, शैक्षिक निर्देशक डा. रुबी श्रेष्ठ, एडमिसन तथा मार्केटिंग निर्देशक आबिद हुसेन अन्सारी तथा अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारी लगायतको उपस्थिति थियो ।

कार्यक्रममा स्वागत नृत्य तथा सांस्कृतिक प्रस्तुति गरिएको थियो ।

कार्यक्रममा प्राचार्य प्रा.डा. के.एन. सिंह, उप–प्राचार्य प्रा.डा. रविशंकर गुप्ता, नर्सिङ क्याम्पसकी उप–प्राचार्य प्रा.डा. बबिता सिंहले नर्सिङ पेशाको गरिमा, समर्पण तथा स्वास्थ्य सेवामा नर्सहरूको अतुलनीय योगदानबारे आफ्ना धारणा व्यक्त गरेका थिए ।

त्यसैगरी प्रबन्ध निर्देशक अन्सारी, शैक्षिक निर्देशक डा. रुबी श्रेष्ठ, एडमिसन तथा मार्केटिङ निर्देशक आबिद हुसेन अन्सारी तथा अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारीले नर्सहरूको भूमिका स्वास्थ्य प्रणालीको मेरुदण्ड भएको उल्लेख गर्दै उनीहरूको सेवाभावको उच्च प्रशंसा गरेका थिए । कार्यक्रममा पाँच वर्षभन्दा बढी समयदेखि सेवा गर्दै आएका नर्सहरूलाई विशेष सम्मान समेत गरिएको थियो ।

कार्यक्रममा धन्यवाद ज्ञापन प्राध्यापक तथा कार्यक्रम संयोजक जाफ्रे आलम अन्सारीले गरेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन